२०८०



# मताधिकार बिमुख नागरिक

विदेशमा रहेका नेपाली नागरिकहरुको मतदानको अधिकारबाट वञ्चिति

रामेश्वर नेपाल, नीलाम्बर बडाल, अशोक राना र दीपिका थपलिया

# मताधिकार विमुख नागरिक

## (विदेशमा रहेका नेपाली नागरिकहरुको मतदानको अधिकारबाट वञ्चिति)

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका लागि

रामेश्वर नेपाल, नीलाम्बर बडाल, अशोक राना तथा दीपिका थपलिया

द्वारा तयार पारिएको

## अध्ययन प्रतिवेदन

२०८०

**अध्ययन टोली**

| | | |
|---|---|---|
| १ | रामेश्वर नेपाल<br>प्रमुख अनुसन्धाता | संस्थापक तथा कार्यकारी निर्देशक, इक्वीडेम रिसर्च नेपाल |
| २ | नीलाम्बर बडाल<br>अनुसन्धाता | श्रम आप्रवासन विज्ञ, सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च |
| ३ | दिपीका थपलिया<br>अनुसन्धाता | रिसर्च प्रोजेक्ट म्यानेजर, इक्वीडेम रिसर्च नेपाल |
| ४ | अशोक राना<br>अनुसन्धाता | कार्यक्रम सल्लाहकार, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल |

प्रतिवेदन लेखकः रामेश्वर नेपाल, इक्वीडेम रिसर्च नेपाल

आवरण तस्विरः AI द्वारा सिर्जना गरिएको

प्रकाशन मितिः जेष्ठ २०८० (जुन २०२३)

प्रस्तावना

वैदेशिक रोजगारीका क्रममा लाखौं नेपालीहरु विदेशिएको तथ्याङ्कहरुले देखाउँदछ। वैदेशिक रोजगार विभागको तथ्याङ्क हेर्ने हो भने यसै आर्थिक वर्षमा पनि रोजगारीका लागि विदेशिने नेपालीहरुको संख्या सात लाख कट्ने संकेत गर्दछ। यसरी लाखौंको संख्यामा विदेशिने नेपाली नागरिकहरुले पठाएको विप्रेषणको जगमा नेपलाको अर्थतन्त्र टिकेको छ। भुकम्प तथा महामारीका समयमा पनि अर्थतन्त्रलाई टिकाई राख्न वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण महत्वपूर्ण रहेको सर्वविदितै छ। कूल जनसंख्याको आधा भन्दा बढी घरधुरीमा विप्रेषणबाट प्राप्त आम्दानीले चुलो बलेको छ भने सामुदायिक सामाजिक कार्यहरुमा विदेशिएका श्रमिकहरुको आर्थिक सामाजिक योगदान उल्लेख्य रहेको पाईन्छ।

तर, वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकहरु संविधान प्रदत्त मौलिक अधिकारबाट भने पुर्णतः बञ्चित रहेका छन्। वैदेशिक रोजगारीको औपचारिक तथ्याङ्क राख्न थालिएको तिन दशक वितिसक्दा पनि ति विदेशिएका आफ्ना नागरिकहरुको प्रतिनिधि चुन्न पाउने मतदानको अधिकारका लागि संरचनागत तथा नीतिगत विकासका कार्यहरु देखिएका छैनन्। नेपालको संविधान जारी भए पश्चात दुई पटक संघिय, प्रादेशिक तथा स्थानिय निर्वाचनहरु सम्पन्न भइसके। तथापी, नेपालको आर्थिक धमनीमा विप्रेशण सञ्चार गराई देशलाई जिवित तुल्याईराख्ने आप्रवासी नेपाली श्रमिकहरु भने सामाजिक सञ्जालमा आफ्ना प्रतिनिधि चुन्न सिमित हुनु परेको छ। राज्यका तर्फबाट बालिग मताधिकार प्राप्त ति लाखौं मतदान योग्य उमेरका नागरिकहरुलाई आफ्नो प्रतिनिधि चुन्न भने कुनै ठोस कदम चालिएको पाईँदैन।

हाल विभिन्न कारणले विदेशमा रहेका नेपाली नागरिकहरुको संख्या ३५ लाख भन्दा बढी भएको अनुमान गर्न सकिन्छ भने ति प्रायः सबै मतदान योग्य उमेरका छन्। २०७९ को निर्वाचन आयोगको तथ्याङ्क हेर्दा कुल मतदाता संख्या करिब १ करोड ८० लाख कायम भएको देखिन्छ। जसमध्ये लाखौं देश बाहिर छन् भने सरकारी तथा गैरसरकारी सेवामा भएका केही लाख नेपालमै विभिन्न कारणले मतदानबाट बञ्चित हुनु परेको छ। यसरी हेर्ने हो भने हाम्रो निर्वाचनमा चुनिएका प्रतिनिधहरुकै प्रतिनिधित्वमा प्रश्न गर्न सकिने अवस्था हुन आउँछ।

यसै सन्दर्भमा, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले नेपालका प्रमूख ट्रेड युनियनहरुको सहकार्यमा विदेशमा रहेका नेपाली नागरिकहरु तथा नेपालमै विभिन्न कारणले मतदानको अधिकारबाट वञ्चित मतदाताहरुले कार्यस्थलबाट नै मतदान गर्न पाउनु पर्ने माग राख्दै विभिन्न कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्दै आईरहेको छ। यसै प्रकृयाको एक गतिविधिका रुपमा यो अध्ययन तयार पारिएको हो। यस अध्ययनले नेपाल तथा अन्य राष्ट्रहरुमा भएका यस सम्बन्धि नीतिगत तथा संरचनागत अभ्याषहरु के कस्ता छन् र आगामी निर्वाचनमा सबै नेपाली नागरिकहरुको मतदानको अधिकार सुनिश्चित गर्न के-कस्ता कदमहरु अपनाउनु पर्दछ भन्ने विषममा केन्द्रित रही यो प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदनलाई आवधिक रुपमा अध्यावधिक गर्ने योजना समेत रहेको छ।

यस प्रतिवेदनमा भएका त्रुटीहरुलाई औंल्याईदिई आगामी अध्यावधिकिमा रचनात्मक सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं।

# विषय क्रम


| क्रम | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | ***परिच्छेद एकः परिचय*** | २ |
| १.१ | पृष्ठभूमि | २ |
| १.२ | उद्देश्य | ८ |
| १.३ | अध्ययन टोली | ९ |
| १.४ | अध्ययन विधि | ९ |
| १.५ | प्रतिवेदनका सीमाहरु | १० |
| २ | ***परिच्छेद दुईः मताधिकार र नेपालको कानुनी व्यवस्था*** | ११ |
| २.१ | मानव अधिकारको विश्वव्यापी घोषणा १९४८ | ११ |
| २.२ | अन्तरराष्ट्रिय मानव अधिकार कानुन | १२ |
| २.२.क | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तरराष्ट्रिय अनुवन्ध १९६६ | १२ |
| २.२.ख | सबै आप्रवासी श्रमिक तथा तिनका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तरराष्ट्रिय महासन्धि १९९० | १३ |
| २.३ | नेपालको संविधान २०७२ | १३ |
| २.४ | निर्वाचन र निर्वाचन आयोग सम्बन्धी कानुनहरु | १४ |
| २.४.क | निर्वाचन आयोग ऐन २०७३ | १४ |
| २.४.ख | मतदाता नामावली ऐन २०७३ | १५ |
| २.५ | सर्वोच्च अदालतको आदेश | १५ |
| ३ | ***परिच्छेद तिनः*** *remote voting* ***को अन्तरराष्ट्रिय अभ्याष र नेपालमा हालसम्म भएका प्रयासहरु*** | २१ |
| ३.१ | अन्तरराष्ट्रिय अभ्याषहरु | २१ |
| ३.१.क | Remote Voting का विधिहरु | २१ |
| ३.१.ख | विदेशमा रहेका नागरिकहरु समेतको सहभागितामा हुने निर्वाचनका प्रकारहरु | २२ |
| ३.१.ग | **Remote Voting** को अभ्याष गर्ने देशहरु | २२ |
| ३.२ | नेपालमा हालसम्म भएका प्रयासहरु | २३ |
| ३.२.१ | अध्यावधिक योजना | २३ |
| ३.२.२ | नीर्वाचन आयोगको रणनीतिक योजना | २४ |
| ३.२.३ | निर्वाचन आयोगका अध्ययनहरु | २५ |
| ३.२.४ | निर्वाचन आयोगका प्रयासहरु | ३० |
| ३.२.४.क | कानुन संसोधन प्रयास | ३१ |
| ३.२.४.ख | अनलाईनबाट नामावली दर्ता गर्ने व्यवस्था | ३१ |
| ३.२.४.ग | कार्यस्थल वा पायक पर्ने स्थानबाट मतदान गर्ने व्यवस्थाको कार्यान्वयन | ३१ |

| | | |
|---|---|---|
| ३.३ | सरकारका नीतिहरु र सरकारमा सहभागी राजनीतिक दलका साझा कार्यक्रमहरु | **३२** |
| ३.३.क | सरकारको वार्षिक नीति तथा कार्यक्रम | **३२** |
| ३.३.ख | संयुक्त सरकारमा सहभागी राजनीतिक दलका साझा न्यूनतम कार्यक्रम | **३२** |
| ३.४ | विदेशमा रहेका नेपाली नागरिकहरु मताधिकारबाट वञ्चितिकरण | **३३** |
| ४ | ***परिछचेद चार: निष्कर्ष र सिफारिशहरु*** | **३५** |
| ४.१ | निष्कर्षहरु | **३५** |
| ४.२ | सिफारिशहरु | **३५** |
| ५ | ***सन्दर्भ सामाग्री*** | **३७** |

# परिच्छेद एक

# परिचय

## १. पृष्ठभूमि

नेपालको वर्तमान संविधानले “जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात्” गरेको र त्यसमा “जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, ... लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहेको” उल्लेख गरिएको छ ।[१] यसका अलावा “नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको”[२], “सबै नागरिक कानूनको दृष्टिमा समान हुने”[३], “सामान्य कानूनको प्रयोगमा ... कुनै आधारमा भेदभाव नगरिने”[४], “राज्यले नागरिकहरूका बीच ... कुनै आधारमा भेदभाव गर्ने छैन”[५], “अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार रहने”[६] जस्ता व्यवस्था पनि संविधानले सुनिश्चित गरेको छ । त्यस्तै नेपाल पक्ष भएको[७] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ ले[८] "Every citizen shall have the right and the opportunity, (a) "To take part in the conduct of public affairs, directly or through freely chosen representatives;" and (b) "To vote and to be elected at genuine periodic elections which shall be by universal and equal suffrage and shall be held by secret ballot, guaranteeing the free expression of the will of the electors" भनेको छ । यद्यपि बालिग मताधिकार प्राप्त नेपाली नागरिकहरुले स्थानीय, प्रदेश र संघीय तहको तिनका जनप्रतिनिधि चयनका लागि गरिने निर्वाचनमा विभिन्न वाध्यता र कारणले नेपाल बाहिर रहेका नागरिकहरुलाई राज्यले तिनको मतदान गर्न पाउने अधिकारबाट वञ्चित गर्दै आएको छ ।

नेपालीहरु सयौं वर्षअघिदेखि आफ्नो पेशा, व्यवसाय, रोजगारी, अध्ययन, तालिम, अस्थायी बसोबास वा अन्य कारणले विदेश जाने गरेका छन् । दशकौं अघि यसरी विदेशिनेको संख्या अत्यन्त नगन्य हुने गरेको भए पनि पछिल्ला दशकहरुमा वर्षैपिच्छे लाखौं नेपालीहरु विदेशिने गरेको पाइन्छ र ती मध्ये रोजगारीका निम्ति जानेहरुको संख्या उच्च रहेको पाइन्छ । नेपालको संविधान, २०७२ ले नै हरेक नागरिकलाई रोजगारीको हक र रोजगारी छनोट गर्न पाउने हक[९] सुनिश्चित

---

१. नेपालको संविधान, २०७२, प्रस्तावना

२. नेपालको संविधान, २०७२, धारा २

३. नेपालको संविधान, २०७२, धारा १८, (१)

४. नेपालको संविधान, २०७२, धारा १८, (२)

५. नेपालको संविधान, २०७२, धारा १८, (३)

६. नेपालको संविधान, २०७२, धारा ८४, (५) साथै धारा १७६ (५) मा “अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुने”, धारा **धारा २२२** (५) मा “अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुने” र **धारा २२३** (५) मा “अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुने” भनिएको छ ।

७. यस अनुवन्धलाई नेपालले १४ मे १९९१ मा अनुमोदन (सम्मिलनका माध्यमबाट) गरेको छ ।

८. International Covenant on Civil and Political Rights, 1966, Article 25 (a) and (b)

९ नेपालको संविधान, २०७२, धारा ३३ (१) र (२) ।

गरेको र रोजगारीको लागि उमेर पुगेका नागरिकहरुलाई न्युनतम रोजगारी सुनिश्चित गर्न भनी विभिन्न कानुन[१०] निर्माण गरिनुका साथै बेरोजगार नागरिकलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न नेपाल सरकारले ठूलो स्रोतको लगानीमा विभिन्न रोजगारमूलक कार्यक्रम तथा सीप विकास, लघु उद्यम, गरिबी निवारण तथा स्वरोजगार नीति तथा कार्यक्रमहरु लागू गरेको[११] एवं राज्यका विभिन्न नीतिहरुमा रोजगारी सृजना र सुनिश्चिततालाई प्रमुख प्राथमिकतामा राखिएको[१२] भनिए पनि नेपाली नागरिकहरुलाई रोजगारी सुनिश्चित गर्न सकेको र ती कार्यक्रमबाट रोजगारी पाएकाहरुले नै पनि त्यसबाट तिनका परिवारको जीवीकोपार्जनका लागि पर्याप्त[१३] आम्दानी गर्न सकेको देखिँदैन । संविधानले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने[१४] भने पनि नेपालका कुल रोजगाररत मध्ये अनौपचारिक रोजगारीमा रहेका ८४.६ प्रतिशत[१५] श्रमिकहरु सामाजिक सुरक्षा योजनामा समेटिन पाएका छैनन् । फलस्वरुप वाध्य भई हरेक साल लाखौं नेपाली वैदेशिक रोजगारीलाई विकल्पका रुपमा रोज्न बाध्य छन् । एति सम्म कि एक वा बढी पटक वैदेशिक रोजगारीमा गई केही पूँजी र सीप आर्जन गरेर स्वदेश फर्केका बीसौं लाख[१६] नागरिकहरु पुनः वैदेशिक रोजगारीमै फर्कन वाध्य भएको देखिन्छ । नेपाल सरकारका अध्ययनहरुले यसरी पुनः विदेशिन पर्नुको मुख्य कारण स्वदेश फर्केपछि रोजगारी नपाउनु र परिवारमा व्याप्त आर्थिक गरिवीलाई नै प्रमुख कारण देखाएका छन् ।[१७]

नेपाल सरकारले वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरुलाई आर्थिक वर्ष २०५०/५१ देखि २०७८/७९ को अन्त्यसम्म वैदेशिक रोजगारीमा जानका लागि ५९ लाख ९६ हजार ८९०[१८] नयाँ श्रम स्वीकृति जारी गरेको छ भने पुनः श्रम

---

१० रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ लगायत ।

११ उदाहरणका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम; युवा स्वरोजगार कार्यक्रम; अनौपचारिक रोजगार पद्धतिलाई औपचारिक पद्धतिमा रुपान्तरण गर्ने र रोजगारीको गुणस्तरमा सुधार ल्याउने; युवालक्षित रोजगारीका अवसर सृजना गर्न प्राथमिकता दिने; वैदेशिक रोजगारीबाट फर्केकाहरुलाई व्यवसायिक रोजगारीमा संलग्न गराउने; उद्यमशीलता प्रवर्द्धन र व्यवसाय विकासका माध्यमबाट रोजगारी सीर्जना; लघुउद्यम, घरेलु तथा साना उद्योगको विकास गरी रोजगारी सृजना; महिला उद्यमको परिचालन; विशेष आर्थिक क्षेत्रको विकास र औद्योगिक ठद्ध उत्पादन क्षमता वृद्धिको माध्यमबाट रोजगारी सृजना; कृषिको व्यवसायिकरण र विविधिकरण मार्फत आयआर्जन र रोजगारी बढाउने; पर्यटनक्षेत्रको विविकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकका लागि स्वरोजगारका अवसरहरु सृजना गर्ने; गरिव व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सीर्जना गर्ने; सिंचाई उपभोक्ताको व्यवसायिक सीप अभिवृद्धि गरी रोजगारी सृजना गर्ने; बन क्षेत्रबाट रोजगारीका अवसरहरुमा गुणात्मक वृद्धि गर्ने; फोहरमैला प्रशोधनबाट जैविक ऊर्जा उत्पादन र हरित रोजगारीका लागि प्रोत्साहन दिने; वातवरणीय पर्यटनको प्रवर्द्धन गरी पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्ने; जडीबुटी एवं गैरकाष्ठ बनको व्यवसायिक उपयोग गरी रोजगारी सीर्जना गर्ने; आदि ।

१२ ती नीतिहरु - गरिवी निवारण नीति, २०७६; राष्ट्रिय वातावरण नीति, २०७६; सूचना तथा सञ्चार प्रविधि नीति, २०७२; राष्ट्रिय रोजगार नीति, २०७१; सिंचाई नीति, २०७०; वैदेशिक रोजगार नीति, २०६८; औद्योगिक नीति, २०६७; पर्यटन नीति, २०६५; कृषि नीति, २०६१; जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१; जलविद्युत विकास नीति, २०५८ तथा राष्ट्रि यातायात नीति, २०५८ लगायत रहेका छन् ।

१३ उदाहरणका लागि सबै नेपाली नागरिकहरुलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गर्ने भनी उल्लेख्य आर्थिक स्रोत विनियोजनका साथ आर्थिक वर्ष २०७५/७६ बाट कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीका लागि आवेदन दिनेहरुमध्ये आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म कुल ३५ लाख ३२ हजार ९९७ जनालाई रोजगारी प्रदान गर्नका लागि भनी नेपाल सरकारले सूचिकृत गरेकोमा त्यसमध्ये केवल ५ लाख ९० हजार ९७७ जना (१६.७२ प्रतिशत) ले मात्र रोजगारी पाएको देखिन्छ । कार्यक्रमबाट रोजगारी पाउनेहरुले नै पनि रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा उल्लेख भए बमोजिमको र सरकारले योजना गरे बमोजिमको न्यूनतम १०० दिनको रोजगारी पाउन सकेको अवस्था देखिदैन । कार्यक्रम सुरु भएदेखिको चार वर्षमा उक्त कार्यक्रमबाट रोजगारी पाउनेहरुले वार्षिक औसत ४५ दिनको रोजगारी पाएको र त्यसबाट वार्षिक औसत आम्दानी रु. २४,३९० भएको देखिन्छ ।

१४ नेपालको संविधान, २०७२, धारा ३४ (२) ।

१५ Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf (पृष्ठ ३१) मा हेरिएको ।

१६ नेपाल सरकारले पुनः श्रम स्वीकृतिको अभिलेख राख्न सुरु गरेको आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७८/७९ सम्म जारी गरिएको हरेक सालको श्रम स्वीकृति जोड्दा कुल ६१ लाख २२ हजार ६९२ हुन आउँछ, जसमध्ये २२ लाख ८१ हजार ५०३ (३७.२६ प्रतिशत) पुनः श्रम स्वीकृतिको हिस्सा रहेको देखिन्छ ।

१७ उदाहरणका लागि राष्ट्रिय योजना आयोगको अक्टोवर २०२० को अध्ययन प्रतिवेदन - "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf (Page 32) मा हेरिएको - ले वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका नेपाली श्रमिकहरुमध्ये ५९ प्रतिशत पुनः वैदेशिक रोजगारीमा जान नचाहेकाहरु, २४ प्रतिशत यसै गर्ने भन्ने निचोडमा नपुगेकाहरु र १७ प्रतिशत मात्र पुन वैदेशिक रोजगारीमा जाने मनसाय व्यक्त गर्नेहरु थिए । तर पछिल्ला पाँच बर्षको अवधिमा वैदेशिक रोजगारीबाट फर्केकाहरुमध्ये ३९ प्रतिशत नेपालमा बेरोजगारै हुनु परेको र केवल १८ प्रतिशतले कृषि र गैर कृषि (नौ नौ प्रतिशत) क्षेत्रमा ज्याला आर्जन हुने प्रकृतिको काम पाएको देखाएको छ ।

१८ नेपाल सरकारद्वारा प्रकाशित आर्थिक वर्ष २०५०/५१ देखि २०७८/७९ सम्मको अलग अलग सालको नयाँ श्रम स्वीकृतिको संख्या जोड्दा हुन आउने कुल संख्या ।

स्वीकृतिको[१९] अभिलेख राख्न थालेको आर्थिक वर्ष २०६८/६९ देखि २०७८/७९ सम्म २२ लाख ८१ हजार ४४५[२०] पुनः श्रम स्वीकृति जारी भएको देखिन्छ । गत आर्थिक वर्ष २०७८/७९ मा जारी भएको कुल श्रम स्वीकृतिको संख्या मात्रै ६ लाख ३० हजार ९०[२१] पुगेको देखिन्छ, जुन दैनिक सरदर १ हजार ७२६ हुन आउँछ । यस बाहेक ठूलो संख्याका नेपालीहरु भारतमा रोजगाररत छन् । भारतमा रोजगारीमा जाने नेपालीहरुलाई श्रम स्वीकृति जारी गर्ने नगरिएको र नेपाल भारत बीचको खुला सिमानाको प्रयोग गरी उक्त देश जाने नेपालीहरुको कुनै निकायबाट पनि अभिलेख राख्ने नगरिएको कारण[२२] त्यहाँ रहेका नेपालीहरुको संख्या यकिन गर्न नसकिए पनि नेपाल सरकारको एक प्रतिवेदन[२३] ले भारतमा झण्डै १० लाख नेपालीहरु रोजगाररत रहेको उल्लेख गरेको छ । त्यस्तै नेपाल सरकारबाट श्रम स्वीकृति बिना नै[२४] तर रोजगारीकै उद्देश्यले विदेश गएका वा लगिइएका र श्रम स्वीकृतिको अवधि सकिएपछि पनि विदेशमै रहेका[२५]हरुको संख्या पनि लाखौं रहेको बताइन्छ ।

यदि नेपालको संविधान, रोजगारीको हक सम्बन्धी कानुन र हरेक नेपालीलाई न्यूनतम रोजगारी सुनिश्चित गर्ने भनी सरकारले ल्याएका नीति तथा कार्यक्रम अनुरुप आफू र आफ्नो परिवारको जीवीकोपार्जन हुने गरी स्वदेशमै रोजगारी उपलब्ध हुँदो हो त यसरी विदेशीनेको संख्या निकै कम हुन्थ्यो । अर्थात् विदेश जानु अधिकांश नागरिकहरुको वाध्यता हो र मौलिक हकको रुपमा रहेको रोजगारीको हक स्वदेश मा सुनिश्चित हुन नसक्नु नै त्यस्तो वाध्यताको प्रमुख कारण देखिएको छ । वैदेशिक रोजगारीका अलावा व्यवसाय, अध्ययन, तालिम, अस्थायी बसोबास वा अन्य उद्देश्यले पनि उल्लेख्य संख्याका नेपालीहरु विदेशमा रहेका छन् ।

हाल विदेशमा कति जना नेपालीहरु छन् भनेर यकिन र भरपर्दो तथ्याङ्क कतै पनि उपलब्ध छैन । नेपाल सरकारका विभिन्न प्रतिवेदन[२६] तथा अन्य अनुभवहरुलाई आधार बनाउँदा कम्तिमा पनि ३५ लाख नेपाली हाल नेपाल बाहिर रहेको अनुमान गर्न सकिन्छ ।

---

१९ एक वा सो भन्दा बढी पटक वैदेशिक रोजगारीमा गई स्वदेश फर्के पश्चात् पुनः सोही काममा सोही देशमा जान चाहने नेपालीहरूलाई नेपाल सरकारले दिने श्रम स्वीकृतिलाई पुनः श्रम स्वीकृति भनिन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदन “नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०” (पृष्ठ ३६) अनुसार नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ (सन् २०११/१२) देखि मात्र पुनः श्रम स्वीकृतिको अभिलेख राखेको छ ।

२० नेपाल सरकारका विभिन्न सालमा प्रकाशित प्रतिवेदनहरू एवं वैदेशिक रोजगार विभागले प्रकाशित गर्दै आएको मासिक तथा वार्षिक विवरणहरूमा समाविष्ट श्रम स्वीकृतिको तथ्याङ्कहरू जोड्दा हुन आउने उल्लेखित अवधिको कुल संख्या ।

२१ वैदेशिक रोजगार विभाग, "Countrywise Labour Approval for FY 2078/79 (2021-07-16 to 2022-07-16)", file:///C:/Users/RameshwarNepal/Downloads/Document_2022110908400.pdf df x]l/Psf] .

२२ नेपाल र भारतबिचको सन् १९५० को सन्धि (नेपाल भारतबिचको शान्ति तथा मैत्री सन्धि, सन् १९५०, धारा ७, https://mea.gov.in/bilateral-documents.htm?dtl/6295/Treaty+of+Peace+and+Friendship df pknAw_ ले दुबै देशका नागरिकलाई एकअर्काको भूभागमा आवतजावत, व्यापारव्यवसाय, सम्पत्ति खरिदबिक्री र बसोबास गर्न पाउने व्यवस्था गरेको हुँदा रोजगारीका लागि नेपालीहरू सहजै भारत जान सक्दछन् ।

२३ राष्ट्रिय योजना आयोगले २०७७ सालमा गरेको एक अध्ययन - "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," October 2020, https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf (Page XV) मा हेरिएको - मा भारतमा त्यतिबेला ९ लाख ७६ हजार ६२५ जना नेपालीहरु रहेको अनुमान गरेको थियो ।

२४ वैदेशिक रोजगारीमा जाने हरेक नेपालीले नेपाल सरकारबाट श्रम स्वीकृति लिनु पर्ने कानुनी प्रावधान रहेको भए पनि पर्यटक वा भ्रमण भिसाको प्रयोग गरी रोजगारीकै उद्देश्यले हजारौं नेपालीहरु विदेश जाने वा एजेन्टहरुले अन्य देश लैजाने गरेको पाइन्छ । यस्ता आप्रवासी श्रमिकहरुको हैसियत नेपालमा अभिलेखद्ध हुँदैन, न त यिनको संख्या नै यकिन गर्न सकिन्छ । यद्यपि यसरी रोजगारीका लागि गएका वा विचौलियाहरुले लगेकाहरुको संख्या लाखौं रहेको अनुमान गरिन्छ ।

२५ वैदेशिक रोजगारीमा जानेहरुलाई दिइने श्रम स्वीकृतिको अवधि सामान्यतयाः दुईदेखि तीन वर्षको हुने गरेको हुँदा औपचारिक तवरले (श्रम स्वीकृति लिइ) गएका सीमित बाहेक सो अवधिभर विदेशमै रहन्छन् । श्रम स्वीकृति बिना रोजगारीका लागि विदेश गएका वा लगिइएकाहरु पनि सामान्यतयाः आफ्नो रोजगारीको अवधि नसकिउञ्जेल विदेशमै रहन्छन् । अघिल्लो पटकको करार र भिसाको अवधि समाप्त भएपछि पुनः नयाँ काम थालेको वा पुरानै कामलाई निरन्तरता दिनु परेको कारण स्वदेश नफर्केका वा फर्कन नपाएका श्रमिकहरुको संख्या पनि उल्लेख्य रहेको पाइन्छ ।

२६. नेपाल सरकारले २०७८ मा गरेको राष्ट्रिय जनगणनाको प्रारम्भिक नजिता ( “राष्ट्रिय जनगणना २०७८ : प्रारम्भिक नतिजा”, माघ २०७८, https://npc.gov.np/images/category/220216042421%E0%A4%B0%E0%A4%BE%E0%A4%B7%E0%A5%8D%E0%A4%9F%E0%A5%8D%E0%A4%B0%E0%A4%BF%E0%A4%AF%20%E0%A4%9C%E0%A4%A8%E0%A4%97%E0%A4%A3%E0%A4%A8%E0%A4%BE%20%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AE%20%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%B0%E0%A4%AE%E0%A5

विदेशमा रहेका नेपालीहरुको अनुमानित संख्या

- वार्षिक सरदर श्रम स्वीकृति जानेहरु ६ लाख ३० हजारका हिसावले (सामान्यतयाः दुई वा तीन वर्षको लागि) श्रम स्वीकृति मार्फत् विदेशमा रहेकाहरुको संख्या **१५ लाख भन्दा बढी**
- भारतमा रोजगारीमा रहेकाहरु **१० लाख भन्दा बढी**
- श्रम स्वीकृति नलिई तर रोजगारीकै लागि विदेश (भारत बाहेक) गएका वा लगिएका - **लाखौं**
- श्रम स्वीकृति र भिसाको म्याद समाप्तिपछि नेपाल नफर्केका वा फर्कन नपाएकाहरु - **लाखौं**
- व्यवसाय, अध्ययन, तालिम, अस्थायी बसोबास वा अन्य कारणले गएकाहरु - **लाखौं**

तत्काल विदेशमा रहेका नेपालीहरुको कुल संख्या **३५ लाख भन्दा बढी**

श्रम स्वीकृति लिएर वा नलिई वैदेशिक रोजगारीमा गएका र व्यवसायका क्रममा विदेशमा रहेका सबैजना नै १८ वर्ष उमेर पुगेकाहरु नै हुने गर्दछन् । विदेशमा रहेका नेपालीहरु मध्ये त्यतै स्थायी बसोबास गरेर नेपाली नागरिकता त्यागेका केही समिति बाहेक अरु सबै नेपाली नागरिकहरु नै हुन् । यसरी हेर्दा नगन्य केही सीमित संख्याका बाहेक विदेशमा रहेका नेपालीहरु नेपालको संविधानले मतदानको लागि तोकेको योग्यता पुगेका वा निर्वाचनमा सहभागी हुन अधिकार प्राप्त नागरिकहरु हुन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८०[२७] र २०७९ मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले नाम दर्ता गरेका मतादताको संख्या १ करोड ७९ लाख ८८ हजार ५७० जना थियो ।[२८] विदेशमा हाल रहेका नेपाली नागरिकहरुमध्ये मतदानको लागि अधिकार प्राप्त भएकाहरुको संख्या ३२ लाख जना नै मान्ने हो भने पनि सो संख्या २०७९ मंसिरको निर्वाचनका लागि मतदाता सूचीमा नाम दर्ता भएकाहरुको कुल संख्याको अनुपातमा १८ प्रतिशत हुन आउँछ । तर विदेशबाटै नेपालको आवधिक निर्वाचनमा तिनलाई सहभागी गराउने व्यवस्था नमिलाइएको कारण उनीहरुले यस पटकको र त्यसअघिका कुनै पनि निर्वाचनहरुमा सहभागी हुन पाएनन् ।

विदेशमा रहेका कुनै देशका नागरिकले तिनको देशमा हुने विभिन्न निर्वाचनमा सहभागी हुने कुरा कुनै नौलो र असम्भव विषय भने होइन । "External Voting", "Voting Remotely" वा "Voting from Abroad" भनेर बुझिने यस प्रणालीको

---

%8D%E0%A4%AD%E0%A4%BF%E0%A4%95%20%E0%A4%A8%E0%A4%A4%E0%A4%BF%E0%A4%9C%E0%A4%BE.pdf (पृष्ठ घ) मा) अनुपस्थित (अक्सर वसोवास विदेशमा रहेका) नागरिकहरुको संख्या २१ लाख ६९ हजार ४७८ जना रहेको उल्लेख छ । दैनिक १ हजार ७ भन्दा बढी श्रम स्वीकृति लिई भारत बाहेका देशमा जाने र उनीहरुको करारको अवधि सामान्यतयाः दुई वा तीन वर्षको हुने र त्यसमाथि भारतमा रोजगारीमा जानेहरुको संख्या वार्षिक १० लाख जना नै मान्ने हो भने पनि यो संख्या यथार्थसँग मेल खाने देखिँदैन । त्यसो त राष्ट्रिय योजना आयोगले २०७७ सालमा गरेको एक अर्को अध्ययन ("The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf (Page XV) मा हेरिएको) ले त्यसबेला नै विदेशमा रहेका नेपालीहरुको संख्या ३२ लाख १० हजार ८४८ रहेको भनी तथ्याङ्क नै प्रस्तुत गरेको थियो । त्यस्तै नेपाल सरकारको एक उच्चस्तरीय कार्यदलले २०७५ मा गरेको एक अध्ययनको प्रतिवेदन ("औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने गराउने सम्बन्धी अध्ययन प्रतिवेदन" माघ २०७५, https://moless.gov.np/wp-content/uploads/2019/02/Final-Remittance-Report-2075.pdf (पृष्ठ १) मा हेरिएको) अनुसार वैदेशिक रोजगारीका उद्देश्यले विदेशमा कार्यरत नेपालीहरुको संख्या मात्र अनुमानित ५० लाख रहेको गरेको छ, जसको कुनै तथ्यपरक आधार भने प्रस्तुत गरिएको छैन । यस हिसावले र अन्य अवस्थाहरुलाई हेर्दा वैदेशिक रोजगारी र अन्य उद्देश्यले हाल विदेशमा रहेका नेपालीहरुको संख्या कम्तिमा पनि ३५ लाख अनुमान गर्न सकिन्छ ।

२७. राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, "राष्ट्रिय जनगणना २०७८ : प्रारम्भिक नतिजा", माघ २०७८, https://npc.gov.np/images/category/220216042421%E0%A4%B0%E0%A4%BE%E0%A4%B7%E0%A5%8D%E0%A4%9F%E0%A5%8D%E0%A4%B0%E0%A4%BF%E0%A4%AF%20%E0%A4%9C%E0%A4%A8%E0%A4%97%E0%A4%A3%E0%A4%A8%E0%A4%BE%20%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AE%20%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%B0%E0%A4%AE%E0%A5%8D%E0%A4%AD%E0%A4%BF%E0%A4%95%20%E0%A4%A8%E0%A4%A4%E0%A4%BF%E0%A4%9C%E0%A4%BE.pdf (पृष्ठ क) मा हेरिएको ।

२८. निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः अन्तिम मतदाता नामावली, मतदान स्थल र मतदान केन्द्र स्वीकृत" २०७९ भदौ ३१ गते, https://election.gov.np/admin/public//storage/Press_Release_2079_5_31.pdf मा हेरिएको ।

विश्वका अधिकांश देशले व्यवस्था वा अभ्यास गर्दै आएका छन् । International Institute for Democracy and Electoral Assistance (International IDEA) र Instituto Federal Electrolal (IFE) द्वारा सन् २००७ मा प्रकाशित एक Handbook मा त्यतिबेला नै विश्वका ११५ राष्ट्रले विदेशमा रहेका आफ्ना नागरिकहरुलाई निर्वाचनमा उनीहरु रहेकै स्थानबाट स्वदेशको निर्वाचनमा सहभागी गराउने व्यवस्था कानुन वा व्यवहारमा गरेका थिए ।[२९] नेपालले नै पनि २०३६ सालको जनमत संग्रहमा भारतको नयाँ दिल्ली र कोलकता, संयुक्त राज्य अमेरिकाको न्युयोर्क र वासिंङ्गटन डी.सी. र संयुक्त अधिराज्यको लण्डन लगायत विदेशस्थित अन्य नेपाली कुटनीतिक नियोगहरुमा मतदानको व्यवस्था गरिएको थियो ।[३०] त्यस्तै पछिल्लो पटक २०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत सरकारी कर्मचारी, व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कारागारमा रहेको थुनुवा/कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरुको अस्थायी मतदातासूचीमा नाम दर्ता गरी समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने मतदान प्रक्रियामा सहभागी गराउने व्यवस्था गरिएको थियो ।[३१]

नेपालको सर्वोच्च अदालतले २०७४ सालमा एक रीट निवेदन उपर सुनुवाई गर्दै *"जनसंख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रुपमा अनुमोदित भनी मान्न पनि सकिँदैन"* र *"नेपालको संविधानले नागरिकहरुलाई तिनै तहको निर्वाचनमा मतदान गर्ने अधिकार हुने भनी नागरिकको मतदानको अधिकारलाई संवैधानिक अधिकारको रुपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमूल्यन गरिनु हुँदैन"* भन्दै *"विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरुलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रवन्ध गरी व्यवस्थित गर्नेतर्फ आवश्यक कदम चाल्नू"* भनी आदेश दिएको छ ।[३२] सर्वोच्चको आदेशमा *"विदेशमा रहेका नागरिकहरुलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरुको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरुले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनू"* पनि भनिएको छ ।

सर्वोच्चको सो आदेश अघि र पछिका वर्षहरुमा निर्वाचन आयोगले विभिन्न देशको स्थलगत भ्रमण र त्यहाँका अधिकारीहरुसँग छलफल समेत गरी विदेशमा रहेका नेपाली नागरिकहरुले नेपालमा हुने निर्वाचनमा मतदानमा सहभागी गराउने सम्बन्धमा गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनहरुले विभिन्न विकल्पहरु सुझाउँदै सो व्यवस्था गर्न सरकारलाई

---

२९. International Institute for Democracy and Electoral Assistance, "Ioting from Abroad: The International IDEA Handbook," 2007, https://www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf (पृष्ठ १२) मा हेरिएको ।

३०. निर्वाचन आयोग, नेपाल, "विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा मध्यपूर्वका विभिन्न देशहरुको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०७१" असोज २०७१ ।

३१. निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि अस्थायी मतदाता नामावली संकलन गर्ने कार्य प्रारम्भ गरिँदै" २०७९ असोज ५ गते, https://election.gov.np/admin/public//storage/HoR/Press2_2079_6_5.pdf मा हेरिएको र "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताहरुका लागि अस्थायी मतदान केन्द्र तोकिएको सम्बन्धमा" २०७९ कात्तिक २४ गते, https://election.gov.np/admin/public//storage/HoR/Press%20release/Temp%20Cetnetr.pdf मा हेरिएको र ।।

३२. सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च विरुद्ध नेपाल सरकार समेतको रिटमा सर्वोच्च अदालत, संयुक्त इजलास, माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी, आदेश (०७३ -wo-११४९), २०७४ चैत ७ गते । https://supremecourt.gov.np/web/assets/downloads//judgements/%E0%A4%86%E0%A4%A6%E0%A5%87%E0%A4%B6_%E0%A5%A6%E0%A5%AD%E0%A5%AB_%E0%A5%A6%E0%A5%AB_%E0%A5%A7%E0%A5%AD(%E0%A5%A6%E0%A5%AD%E0%A5%A9-wo-%E0%A5%A7%E0%A5%A7%E0%A5%AA%E0%A5%AF).pdf मा हेरिएको ।

सिफारिसहरु गरेको समेत देखिन्छ ।[३३] आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१)[३४] मा "विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सम्बन्धमा कानुनी व्यवस्थाको लागि पहल गरिने" भनिएको छ । आयोगले निर्वाचन कानुनका परिमार्जनको गृहकार्य गरिरहेको र त्यसमा Remote Voting को लागि गर्नु पर्ने कानुनी व्यवस्था आवश्यक मस्यौदा तयार गरी राज्य व्यवस्था समितिमा प्रेषित गरेको जनाएको थियो ।[३५] त्यसो त नेपाल सरकारका योजनाहरुमा पनि विदेशमा रहेका नेपालीहरुको नेपालमा हुने निर्वाचनमा सहभागिता सुनिश्चितता गर्ने उल्लेख गरिएको पाइन्छ ।[३६] यसका अतिरिक्त विभिन्न समयमा नेपाल सरकार, विगतमा सरकारको नेतृत्व गरेका र हाल सरकारमा रहेका एवं सरकार वाहिर रहेका राजनीतिक दलहरुले पनि विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गर्नुपर्ने नीति रहेको बताउँदै आएका छन् ।[३७] त्यसका बाबजुद हालसम्म विदेशमा रहेका नेपाली नागरिकहरुलाई

---

३३. निर्वाचन आयोगका सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा वि.सं. २०६९ मा गरिएको अध्ययनबाट विदेशमा बस्ने नेपालीहरुलाई प्रजातान्त्रिक प्रक्रियामा समाहित गर्न आपसी समन्वय र सहकार्यमा तथा आर्थिक रुपमा धान्न सकिने उपायको खोजी गर्नु पर्ने निष्कर्ष ।

निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको नेतृत्वमा वि.सं. २०७१ सालमा गठित अध्ययन टोलीले चरणवद्ध रुपमा मतदाता नामावलीमा दर्ताबाट सुरु गरी कार्ययोजनासहित अगाडि बढ्न सुझाव दिएको ।

विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव बीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत प्रतिवेदनले Removte Voting को व्यवस्था गर्दा आर्थिक स्रोत तथा मानव संसाधन कति लाग्दछ भन्नेसम्मका विवरण दिँदै सम्बन्धित गन्तव्य देशमा निर्वाचन गराउन त्यहाँको कानुनले अवरोध नगर्ने लगायतका विषय उल्लेख गरेको छ ।

३४ तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१), निर्वाचन आयोग, नेपाल, २०७६, https://election.gov.np/uploads/Pages/1594191104_np.pdf (पृष्ठ ७९, कार्यनीति ३.५) मा हेरिएको ।

३५. सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल, International Trade Union Confederation–Nepal Affiliated Council (ITUC-NAC) मा आवद्ध नेपाल ट्रेड युनियन कंग्रेस, नेपाल ट्रेड युनियन महासंघ र अखिल नेपाल ट्रेड युनियन महासंघ तथा यस अध्ययनटोलीका संयोजक सहितको प्रतिनिधिमण्डलले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग २०७८ माघ १७ गते गरेको भेटघाटमा प्रमुख आयुक्तले गराउनुभएको जानकारी ।

३६. उदाहरणका लागि **पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१)** ले रणनीति तथा कार्यनीति नं. ४.४ मा "विदेशमा रहेका तथा अनुपस्थित मतदाताको मतदानको अधिकार स्थापित गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने" र "सरल मतदान प्रक्रिया अवलम्बन गरी सम्पूर्ण मतदातालाई मतदानमा सहभागी हुने वातावरण सीर्जना गरिने" भनेको छ । नेपाल सरकारले चालु **आर्थिक वर्ष २०७८/७९ को बजेट**मा "प्रवासमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न तयारी कार्य अघि बढाइनेछ" भनिएको थियो भने **नीति तथा कार्यक्रम २०७९/८० मा "**निर्वाचन सम्बन्धी एकीकृत कानुन तर्जुमा गरिनेछ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई समेत निर्वाचनमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाइनेछ" भनिएको छ ।

३७. उदाहरणका लागि

- २०७६ असार ९ गते निर्वाचन आयोगद्वारा आयोजित तत्कालिन राष्ट्रपति, प्रधानमन्त्री, पूर्व प्रधानमन्त्रीहरु, राष्ट्रिय सभाका अध्यक्ष, संविधानसभाका अध्यक्ष, राष्ट्रिय राजीतिक दलको मान्यता प्राप्त दलका प्रतिनिधिहरु, संसदीय समितिका सभापतिहरु, नेपाल सरकारका महान्यायाधिवक्ता, मुख्य सचिव, नेपाल कानुन आयोगका अध्यक्ष, पूर्व प्रमुख निर्वाचन आयुक्तहरु, विभिन्न मन्त्रालय (गृह, अर्थ, कानुन, न्याय तथा संसदस्य मामिला सहित) का सचिवहरु को र निर्वाचन आयोगका प्रमुख सहित अन्य आयुक्तहरुको उपस्थितिमा भएको "निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम" मा तत्कालिन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली, पूर्व प्रधानमन्त्रीहरु शेरबहादुर देउवा तथा माधवकुमार नेपाल लगायतले विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नु पर्ने धारणा व्यक्त गर्नुभएको देखिन्छ । निर्वाचन आयोगको वेवसाइट https://oldsite.election.gov.np/uploads/content/1566377441_np.pdf मा हेरिएको ।
- २०७९ चैत ६ गते प्रतिनिधिसभाबाट दोस्रो पटक विश्वासको मत पाएपछि वर्तमान प्रधानमन्त्रीद्वारा पुनर्गगठित हालको संयुक्त सरकार गठनका लागि पहल गर्ने तथा समर्थन गर्ने नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम जनता पार्टी र राष्ट्रिय जनमोर्चा नेपाल सम्मिलित १० दलीय गठबन्धनद्वारा २०७९ चैत २३ गते जारी संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम (https://drive.google.com/file/d/10jRJzJNNNdE_dnrdLCvcm-y4tgaYZS5-/view पृष्ठ ३ बुँदा नं. १०) मा "विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गर्ने" उल्लेख गरिएको छ ।
- यसभन्दा करिव ३ महिना अघि २०७९ पौष १० गते भएको सरकार गठनमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीद्वारा २०७९ पौष २५ गते सार्वजनिक नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम (https://www.opmcm.gov.np/wp-content/uploads/2023/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF%E0%A4%97%E0%A4%A4-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%A5%E0%A4%AE%E0%A4%BF%E0%A4%95%E0%A4%A4%E0%A4%BE-%E0%A4%B0-%E0%A4%A8%E0%A5%8D%E0%A4%AF%E0%A5%82%E0%A4%A8%E0%A4%A4%E0%A4%AE-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%AE-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF.pdf, पृष्ठ २) अन्तर्गत ऐन तर्जुमा वा विद्यमान ऐनमा समयानुकुल

आवधिक निर्वाचनमा सहभागी गराउने व्यवस्था हुन नसक्दा नेपालको संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले सुनिश्चित गरेको आफ्नो प्रतिनिधि चुन्न पाउने अधिकारबाट उनीहरु वञ्चित हुँदै आउनु परेको छ ।

नेपालमा हुने आवधिक निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गरिनु पर्ने भनी सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल तथा International Trade Union Confederation–Nepal Affiliated Council (ITUC-NAC) मा आवद्ध नेपाल ट्रेड युनियन कंग्रेस, नेपाल ट्रेड युनियन महासंघ र अखिल नेपाल ट्रेड युनियन महासंघ लगायतका संस्थाले सो उद्देश्य प्राप्तिका लागि एक व्यवस्थित अभियान नै सञ्चालन गर्दै आएका छन् । यस विषयमा थप जानकारी लिन इच्छुकहरुलाई नेपाली नागरिकको मताधिकार र Remote Voting का लागि हालसम्म भएका प्रयासका बारेमा जानकारी प्राप्त गर्न सहज होस् भनी अभियानरत संस्थाहरुको तर्फबाट यो अध्ययन गरिएको हो ।

| "कार्यस्थलबाट मतदान श्रमिकको अधिकार संयुक्त अभियान" अन्तरगतका पहलहरु |
|---|
| • प्रमूख निर्वाचन आयुक्तसँग निर्वाचन आयोगमा प्रतिनिधि मण्डलको भेटवार्ता (२०७८ चैत्र)<br>• निर्वाचन आयोगका पुर्व आयुक्त तथा उच्च पदस्थ अधिकारीहरुसँग भेटवार्ता (२०७८ चैत्र देखि २०७९ चैत्र)<br>• निर्वाचन विज्ञहरुसँग भेटवार्ता (२०७८ चैत्र देखि २०७९ चैत्र)<br>• मतदानको अधिकार समन्बन्धि अवधारणा पत्र तयार<br>• ITUC-NAC र NNSM को "कार्यस्थलबाट मतदान श्रमिकको अधिकार संयुक्त अभियान" को औपचारिक शुभारम्भ चैत्र ११, २०७८ ( March 25, 2022), शुक्रबार<br>• Media Advocacy Group - MAG को पहलमा ७ प्रदेशको ८ वटा रेडियोबाट निर्वाचन, मतदान अधिकार लगायतका विषयवस्तु प्रशारण तथा अभियानको आव्हान ।<br>• ITUC–NAC / NNSM को प्रतिनिधि संलग्न टोलीले राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एमाले), नेकपा (एकिकृत समाजवादी), नेपाल विवेकशिल पार्टी, लोकतान्त्रिक सकाजवादी पार्टी, जनता समाजवादी, नेपाली कांग्रेस, विवेकशिल साझा, लगायतका विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग भेटवार्ता अभियानका मुख्य विषयवस्तु राजनीतिक दलको चुनावी घोषणापत्र-२०७९ मा समेट्ने गरी आव्हान पत्र बुझाएको ।<br>• विभिन्न संघसंस्था तथा व्यक्तिहरुले विचार स्तम्भ, अन्तरवार्ता, समाचार, वेवपोर्टल, ईन्फोग्राफिक्स मार्फत श्रमिकका हक अधिकार र विशेषगरी मतदानको अधिकारका विषयहरु उठान तथा विश्लेषण<br>• "कार्यस्थलबाट मतदान, श्रमिकको अधिकार संयुक्त अभियान" को अन्तरक्रिया कार्यक्रम (२०७९ बैशाख २३ होटल अलोफ्ट ठमेल) |

## २. उद्देश्य

(क) विदेशमा रहेका नागरिकहरुको मताधिकार सुनिश्चितता (Remote Voting) का सम्बन्धमा विद्यमान नीति तथा अन्य देशका अभ्यासहरुको बारेमा अध्ययन गर्ने ।

(ख) Remote Voting का लागि हालसम्म भएका प्रयासहरुको बारेमा विश्लेषण गर्ने ।

(ग) व्यवहारिक सुझावहरु प्रस्तुत गर्ने ।

---

परिमार्जनका लागि निर्धारित प्राथमिकताको सूचीमा "विदेशमा बस्ने नेपालीहरुको मताधिकार सुनिश्चित गर्ने र विद्युतीय मतदानलगायत विषयलाई समावेश गर्ने व्यवस्थासहितको एकीकृत निर्वाचन ऐन" तर्जुमा गर्ने भनिएको छ ।

- २०७८ असार २९ गते गठित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी तथा संयुक्त सरकारलाई समर्थन गर्ने दलहरुले २०७८ श्रावण २४ गते सार्वजनिक गरेका साझा न्यूनतम कार्यक्रम (https://www.opmcm.gov.np/wp-content/uploads/2021/08/common-minimun-Program.pdf पृष्ठ ४ बुँदा नं. १०) मा पनि "विदेशमा रहेका नेपाली नागरिकलाई समेत मतदानको अधिकार दिलाउन पहल गर्ने" उल्लेख गरिएको थियो ।

## ३. अध्ययनटोली

श्रम अधिकार र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था इक्वीडेम रिसर्च नेपाल[३८] का कार्यकारी निर्देशक तथा श्रम आप्रवासन विज्ञ रामेश्वर नेपाल[३९] को नेतृत्वको एक टोलीले यो अध्ययन गरेको हो । अध्ययन टोलीमा श्रम आप्रवासन विज्ञ तथा अभियन्ता, नीलाम्बर बडाल[४०], इक्वीडेमको रिसर्च प्रोजेक्ट म्यानेजर दिपीका थपलिया[४१] र सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका कार्यक्रम सल्लाहकार अशोक राना[४२]रहनुभएको थियो । साथै, इक्वीडेमका नानी बरालले पनि अध्ययनको काममा सघाउ पुर्‍याउनु भएको थियो ।

## ४. अध्ययन विधि

मूलतः द्वितीय स्रोत (Secondary sources) को प्रयोग गरी गरिएको यो अध्ययन निम्न लिखित प्राथमिक र सहायक स्रोतहरूको समीक्षा एवं विश्लेषणका आधारमा गरिएको हो ।

१. सर्वोच्च अदालतले २०७४ चैत ७ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय; व्यवस्थापिका संसद; परराष्ट्र मन्त्रालय; कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय; गृह मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा निर्वाचन आयोगलाई दिएको आदेश;

२. निर्वाचन आयोग, नेपालले गरेका विभिन्न अध्ययन तथा स्थलगत भ्रमणको प्रतिवेदनहरु;

३. नेपालको संविधान, २०७२ सहित विभिन्न कानुन, नेपाल सरकार एवं निर्वाचन आयोग नेपालका नीति तथा आवधिक योजनाहरु;

४. मानव अधिकार, खासगरी आवधिक निर्वाचन मार्फत् आफ्नो प्रतिनिधि चुन्ने, सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड;

५. Remote Voting का सम्बन्धमा अन्य देशले गरेका अभ्यासहरुका विषयमा भएका अध्ययनहरु

३८ इक्वीडेम रिसर्च नेपाल मानव अधिकार तथा श्रम अधिकारका विषयमा अध्ययन अनुसन्धान गर्ने विशेषज्ञ संस्था हो, जसले पछिल्ला वर्षहरूमा आप्रवासी श्रमिकहरूको अधिकारका विषयमा आफ्ना कामहरूलाई केन्द्रीत गरेको छ । यसले नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग नेपाल, अन्तर्राष्ट्रिय श्रम संगठन, ट्रेड युनियनहरू तथा विकास साझेदार लगायतका निकायहरूका लागि दर्जनौं अध्ययनहरू गरेको छ ।

३९ श्री नेपाल इक्वीडेम रिसर्च नेपालमा संस्थापक तथा कार्यकारी निर्देशक तथा श्रम अधिकार र मानव अधिकार अनुसन्धाता हुनुहुन्छ । उहाँ बेलायतमा मुख्यालय रहेको तथा अन्तर्राष्ट्रिय र स्थानीय रूपमा मानव अधिकार र श्रम अधिकारका विषयमा अध्ययन तथा पैरवी गर्ने च्यारिटी संस्था इक्वीडेमको दक्षिण एसिया निर्देशक पनि हुनुहुन्छ । नेपाल र गन्तव्य देशमा आप्रवासी श्रमिकको अधिकार संरक्षणका विषयमा दर्जनौं अध्ययनहरु गर्नुभएको श्री नेपाललाई नेपाल सरकार, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, राष्ट्रिय मानव अधिकार आयोग लगायतका दर्जनौं निकाय तथा संस्थाले अध्ययन कार्यको विज्ञका रुपमा नियुक्ति गरेका थिए ।

४० श्री बडाल श्रम आप्रवासन विज्ञ हुनुहुन्छ । वहाँले वैदेशिक रोजगारीका बिभिन्न विषयहरुमा अध्ययन, प्रशिक्षणका साथै कार्यक्रम योजना, निर्माण तथा संयोजन गर्दै आउनु भएको छ । विषय विज्ञका रुपमा वहाँले नेपाल सरकार, संयुक्त राष्ट्र संघिय संस्थाहरु, आप्रवासनका क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई परामर्श प्रदान गर्दै आइरहनु भएको छ । वहाँले विभिन्न अन्तरराष्ट्रिय सभा सम्मेलनहरुमा समेत नेपाललाई प्रतिनिधित्व गर्नु भएको छ । वहाँले स्वदेश फिर्ता आप्रवासी श्रमिकहरुको आर्थिक, सामाजिक तथा संवेगात्मक पुनर्एकिकरणका विषय सम्बन्धित अध्ययन गर्दै आउनुभएको छ ।

४१ अधिवक्ता थपलिया इक्वीडेम रिसर्च नेपालकी रिसर्च प्रोजेक्ट म्यानेजर हुनुहुन्छ ।

42 श्री राना सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका पूर्व अध्यक्ष हुनुहुन्छ । नेपाली यूवाहरुको हक अधिकार संरक्षणका साथै सुरक्षित, मर्यादित तथा उपलब्धिमूलक वैदेशिक रोजगारी सुनिश्चित गर्नका लागि वहाँले विभिन्न अभियान तथा कार्यक्रमहरु लाई नेतृत्व गर्दै आउनुभएको छ । वहाँले यूथ एक्सन नेपालको महासचिबको पदमा रहि नेपालको यूवा अभियानलाई नेतृत्व गर्दै आउनुभएको छ । वहाँ हाल सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको कार्यक्रम सल्लाहकारका रुपमा सञ्जालका योजना, कार्यक्रम तथा गतिविधिहरुमा संलग्न हुनुहुन्छ ।

६. नेपालका राजनीतिक दलले Remote Voting को व्यवस्थाको सुनिश्चितताका सम्बन्धमा गरेका निर्णय वा व्यक्त गरेका प्रतिवद्धताहरु,

७. निर्वाचन आयोगका वर्तमान तथा भूतपूर्व पदाधिकारी तथा कर्मचारी एवं निर्वाचन विज्ञहरुसँगको छलफल र परामर्श,

८. सञ्चार माध्यममा संप्रेषित समाचार, अन्तर्वार्ता तथा विचारहरु;

## ५. प्रतिवेदनका सीमाहरू

यस प्रतिवेदनका निम्नानुसारका प्रमुख सीमाहरू रहेका छन् ।

१. **द्वितीय स्रोत (Secondary sources) को प्रयोगः** यो अध्ययन मूलतः द्वितीय स्रोत (Secondary sources) को प्रयोग गरी गरिएको हुँदा प्राथमिक तथ्याङ्कको खासै प्रयोग भएको छैन । यद्यपि निर्वाचन आयोगका वर्तमान तथा भूतपूर्व पदाधिकारी एवम् कर्मचारी, निर्वाचन विज्ञहरु र केही सरोकारवालाहरुसँग परामर्श र अन्तरक्रियाबाट प्राप्त जानकारी र तथ्यहरुलाई समेत आधार लिइएको छ ।

२. **विदेशमा रहेका नेपाली नागरिकको यकिन तथ्याङ्कको अभावः** औपचारिक तवरले तेस्रो (भारत इतरका) देशमा वैदेशिक रोजगारीमा गएका वा नेपाल सरकारका सम्बन्धित निकायमा अभिलेखीकृत भई विदेशमा गएका बाहेक अनौपचारिक तवरले वैदेशिक रोजगारीमा गएका/लगिइएका, रोजगारीका लागि भारत गएका, औपचारिक रुपमा वैदेशिक रोजगारीमा गएका तर पछि अनौपचारिक हैसियतमा काम गरिरहेका र अन्य कारणले हाल विदेशमा रहेका नेपालीहरुको यकिन र भरपर्दो तथ्याङ्क र जानकारीको अभावमा अनुमानित तथ्याङ्कहरु प्रस्तुत गरिएको छ । यद्यपि हाल विदेशमा रहेका नेपालीहरुको कुल संख्या अनुमान गर्नका लागि नेपाल सरकारका अध्ययन प्रतिवेदनहरुलाई आधार लिइएको छ ।

३. **उपलब्ध अध्ययन प्रतिवेदन तथा दस्तावेजहरुको मात्र अध्ययनः** निर्वाचन आयोग वा अन्य संस्थाले विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनश्चित गर्ने विषयमा विभिन्न अध्ययन गरेको जानकारीमा आएको भए पनि ती सबै प्रतिवेदनहरु ती निकायबाट प्राप्त हुन नसक्दा अध्ययन टोलीलाई प्राप्त गर्न सकेका प्रतिवेदन र दस्तावेजहरुलाई मात्र यस अध्ययनमा आधार लिइएको छ ।

# परिच्छेद दुई

# मताधिकार र नेपालको कानुनी व्यवस्था

विश्वका अधिकांश देशमा त्यहाँका नागरिकले मत दिई निर्वाचित गरेका प्रतिनिधिहरुले शासन सञ्चालन गर्ने अभ्यास रहेका पाइन्छ । त्यसरी हुने निर्वाचनमा उम्मेदवार बन्ने वा मत दिने त्यस देशका नागरिकहरुको राजनीतिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणा र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरुले बिना विभेद र अवरोध निर्वाचनमा सहभागी हुन पाउने अधिकारलाई कुनै पनि व्यक्तिको आधारभूत मानव अधिकारको रुपमा व्यख्या गरेको छ । नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने र हरेक नेपाली नागरिकहरुको अविभेद र समानताको हक तथा आवधिक रुपमा गोप्य मतदानका माध्यमबाट आफ्नो प्रतिनिधि छान्ने (मताधिकार) लगायतका अधिकारहरु सुनिश्चित गरेको छ । यस्तै २०७४ चैत ७ गते सर्वोच्च अदालतले विदेशमा रहेका नेपाली नागरिकहरुलाई नेपालको तीनै तहका आवधिक निर्वाचनमा विदेशबाटै मत खसाल्ने व्यवस्था गर्न व्यवस्थापिका संसद, नेपाल सरकार र निर्वाचन आयोगलाई आदेश दिएको छ ।

यस परिच्छेदमा मानव अधिकारको विश्वव्यापी घोष्णा, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन, नेपालको संविधान र निर्वाचन सम्बन्धी कानुनहरुले मताधिकारका बारेमा गरेका व्यवस्था र सर्वोच्च अदालतको २०७४ सालको आदेशका बारेमा चर्चा गरिएको छ ।

## १. मानव अधिकारको विश्वव्यापी घोषणा, १९४८

मानव अधिकारहरूको परिभाषा गर्ने दस्तावेज मानव अधिकारको विश्वव्यापी घोषणापत्र[४३]ले मानव अधिकारहरूको उपभोगमा “सबै व्यक्ति समान प्रकारले हकदार रहने” उल्लेख गरेको छ । घोषणाको धारा २१ (३) मा The will of the people shall be the basis of the authority of government; this will shall be expressed in periodic and genuine elections which shall be by universal and equal suffrage and shall be held by secret vote or by equivalent free voting procedures भनिएको छ । त्यसैगरी घोषणाको धारा १ मा All human beings are born free and equal in dignity and rights, धारा २ मा Everyone is entitled to all the rights and freedoms set forth in this Declaration, without distinction of any kind धारा ७ मा All are equal before the law and are entitled without any discrimination to equal protection of the law र धारा १९ मा Everyone has the right to freedom of opinion and expression भनिएको छ ।

४३. संयुक्त राष्ट्रसङ्घको महासभाबाट १० डिसेम्बर १९४८ का दिन पारित भएको मानव अधिकारको विश्वव्यापी घोषणामा ३० वटा धारामा मानव अधिकारहरूको व्याख्या गरिएको छ, जसमा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, रामाजिक एवं सांस्कतिक अधिकारहरु समाविष्ट रहेका छन् ।

## २. अन्तर्राष्ट्रिय मानव अधिकार कानुन

### (क) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध (International Covenant on Civil and Political Rights) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनहरु मध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रमुख कानुन हो । यसले धारा २५ (क) र (ख) मा नागरिकहरुको मताधिकारका सम्बन्धमा निम्नानुसार व्याख्या गरेको छ :

Every citizen shall have the right and the opportunity, without any of the distinctions mentioned in article 2 and without unreasonable restrictions:

(a) To take part in the conduct of public affairs, directly or through freely chosen representatives;

(b) To vote and to be elected at genuine periodic elections which shall be by universal and equal suffrage and shall be held by secret ballot, guaranteeing the free expression of the will of the electors;

त्यसैगरी अनुवन्धको धारा १९ (२) ले Everyone shall have the right to freedom of expression; this right shall include freedom to seek, receive and impart information and ideas of all kinds र धारा २६ ले All persons are equal before the law… . In this respect, the law shall prohibit any discrimination … on any ground भनेको छ ।

- General Comment 25 of UN Committee on Human Rights

  नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धको कार्यान्वयनको अवस्था हेर्नका लागि गठित संयुक्त राष्ट्रसंघीय समितिले कुनै पनि देशले विदेशमा रहेका तिनका नागरिकहरुलाई विदेशबाटै स्वदेशको निर्वाचनमा मतदान (Remote Voting) गर्ने व्यवस्था सुनिश्चित गर्न ठोस सुझाव दिएको छ । संयुक्त राष्ट्रसंघको सन्ताउन्नौं सेसनद्वारा सन् १९९६ को जुलाई १२ का दिन पारित International Standards of Elections सम्बन्धी General Comment 25 "The Right to Participate in Public Affairs, Voting Rights and the Right to Equal Access to Public Service"[44] को अनुच्छेद ११ र १२ ले राज्यले हरेक नागरिकलाई मताधिकार प्रयोगको सुनिश्चितता गर्न र यसमा आउन सक्ने कुनै पनि व्यवधानलाई सम्बोधन गर्न निम्नानसार गर्नुपर्ने भनेको छ:

  **Paragraph 11:** States must take effective measures to ensure that all persons entitled to vote are able to exercise that right. Where registration of voters is required, it should be facilitated and obstacles to such registration should not be imposed.

  **Paragraph 12:** … Positive measures should be taken to overcome specific difficulties, such as illiteracy, language barriers, poverty, or impediments to freedom of movement which prevent persons entitled to vote from exercising their rights effectively.

---

44 International Standards of Elections, UN Committee on Human Rights, General Comment 25, "The Right to Participate in Public Affairs, Voting Rights and the Right to Equal Access to Public Service," 1510th meeting (fiftyseventh session), 12 July 1996. https://www.osce.org/files/f/documents/4/a/19154.pdf

## (ख) सबै आप्रवासी श्रमिक तथा तिनका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

आप्रवासी श्रमिकहरुको अधिकार सम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय कानुनहरु मध्ये सबै आप्रवासी श्रमिक तथा तिनका परिवारको सदस्यहरुको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (International Convention on the Protection of the Rights of All Migrant Workers and Member of Their Families) विशिष्ठ कानुन हो । यस महासन्धिको धारा ४१ मा विदेशमा रहेका आप्रवासी श्रमिकहरुको Remote voting को अधिकार सुनिश्चित गरिनु पर्ने उल्लेख गरिएको छ ।

1. Migrant workers and members of their families shall have the right to participate in public affairs of their State of origin and to vote and to be elected at elections of that State, in accordance with its legislation.
2. The States concerned shall, as appropriate and in accordance with their legislation, facilitate the exercise of these rights.

## ३. नेपालको संविधान, २०७२

नेपालको संविधानले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने कुरा सुनिश्चित गरेको छ ।[४५] संविधानको प्रस्तावनामा जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरिएको छ र यसमा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचनप्रति प्रतिबद्ध रहेको भनिएको छ ।[४६] संविधानले आवधिक निर्वाचनका माध्यमबाट जनप्रतिनिधि चयन मार्फत् नागरिकहरुको स्वशासनको व्यवस्था गरेको छ । नेपालको राज्यशक्तिको प्रयोग स्थानीय, प्रदेश र संघीय गरी तीन तहले गर्दछन्[४७] र ती तहहरुमा नेपाली नागरिकहरुले गोप्य मतदानद्वारा निर्वाचित गरेको जनप्रतिनिधिहरुको सरकार रहन्छन् । ती तीनै तहको जनप्रतिनिधि चयनका लागि गरिने आवधिक निर्वाचनहरुमा मतदान गर्न संविधानले निम्नानुसारका नेपाली नागरिकहरुको मताधिकार रहने भनी तोकेको छ :

- **प्रतिनिधिसभा निर्वाचनः** अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।[४८]
- **प्रदेशसभा निर्वाचनः** अठार वर्ष उमेर पूरा भएको प्रदेशको क्षेत्रभित्र बसोबास गर्ने प्रत्येक नेपाली नागरिकलाई कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ ।[४९]
- **गाउँ वा नगरसभा निर्वाचनः** अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।[५०] अठार वर्ष उमेर पूरा

४५. नेपालको संविधान, २०७२, धारा २

४६. नेपालको संविधान, २०७२, प्रस्तावना

४७. नेपालको संविधान, २०७२, प्रस्तावना

४८. नेपालको संविधान, २०७२, धारा ८४ (५)

४९. नेपालको संविधान, २०७२, धारा १७६ (५)

५०. नेपालको संविधान, २०७२, धारा २२२ (५)

भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।[५१]

यसरी हेर्दा संविधानले मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली भूमिमा नै रहेको वा बसेको नेपाली नागरिक रहेको हुनु पर्ने भनी संकुचित गरेको छैन भने संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुने, सामान्य कानूनको प्रयोगमा कुनै आधारमा भेदभाव नगरिने र राज्यले नागरिकहरूका बीच कुनै आधारमा भेदभाव नगर्ने पनि सुनिश्चित गरेको छ ।[५२] अर्कोतर्फ कस्तो कानुन तथा नीति निर्माणको उद्देश्य लिएका कस्ता प्रतिनिधि छनोट गर्ने भन्ने विषय अभिव्यक्ति स्वतन्त्रता भित्र पर्दछ, जुन कुरा नागरिकले आफूले खसाल्ने मतद्वारा अभिव्यक्त गर्दछन् । संविधानले प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरेको छ ।[५३]

आवधिक निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्न एवं निर्वाचन प्रयोजनका लागि मतदानता नामावली तयार गर्न[५४] संविधानले निर्वाचन आयोगको व्यवस्था गरेको छ ।[५५]

## ४. निर्वाचन र निर्वाचन आयोग सम्बन्धी कानुनहरु

### (क) निर्वाचन आयोग ऐन, २०७३

संविधानले तोके बमोजिमका निर्वाचनहरु गराउने संवैधानिक निकाय निर्वाचन आयोग सम्बन्धी छुट्टै कानुनको रुपमा निर्वाचन आयोग ऐन, २०७३ निर्माण गरिएको छ । सो ऐनले "मतदाता" भन्नाले सङ्घीय कानून बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ[५६] भनी मतदाताको परिभाषा गरेको छ । यस परिभाषाले मतदानको अधिकार प्राप्त गर्न मतदाता नामावलीमा नाम समावेश हुनुपर्ने शर्त राखेको देखिन्छ । तर त्यस्तो नागरिक स्वदेशमा रहे नरहेको आधारमा कुनै विभेद गरेको देखिँदैन । ऐनले नेपालको संविधान, निर्वाचन आयोग ऐन, २०७३ र अन्य सङ्घीय कानूनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी तोकेको[५७] छ :-

(क) निर्वाचन सम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने, त्यसको कार्यान्वयन र अनुगमन गर्ने,

(ख) मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) निर्वाचन सम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,

(छ) निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने ।

---

५१. नेपालको संविधान, २०७२, धारा २२३ (५)

५२. नेपालको संविधान, २०७२, धारा १८, (१), (२) र (३)

५३. नेपालको संविधान, २०७२, धारा १७, (२) (क)

५४. नेपालको संविधान, २०७२, भाग २४

५५. नेपालको संविधान, २०७२, धारा २४६ (१)

५६. निर्वाचन आयोग ऐन, २०७३, दफा २ (ञ)

५७. निर्वाचन आयोग ऐन, २०७३, दफा ११

त्यस्तै ऐनमा आयोगले निर्वाचन व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाउने कुरा पनि उल्लेख गरिएको छ ।[५८]

### (ख). मतदाता नामावली ऐन, २०७३

संविधान तथा सङ्घीय कानून बमोजिम हुने निर्वाचनकोलागि मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्ने प्रयोजनका लागि बनेको यस ऐनले निम्नानुसारका नेपाली नागरिकलाई मतदाताको रुपमा नामदर्ताको लागि योग्य मानेको छ[५९] :

(क) नेपाली नागरिक,

(ख) आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा अठार वर्ष उमेर पूरा भएको, र

(ग) कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको ।

ऐनले "कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा बसोबास गर्दै आएको व्यक्तिलाई स्थायी रुपमा बसोबास गरेको मानिनेछ"[६०] र "कुनै व्यक्ति व्यापार, व्यवसाय, रोजगार, अध्ययन, अध्यापन, सरकारी वा गैरसरकारी सेवा, औषधि उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानून बमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा अनुपस्थित रहेको अवस्था" लाई स्थायी रुपमा बसोबास गरेको मानिने[६१] भनी स्पष्ट व्यवस्था गरेको कुरालाई समेत हेर्दा नेपाली नागरिकता त्यागिनसकी रोजगारी वा अन्य उद्देश्यले निश्चित अवधिको लागि विदेशमा रहेका नागरिकहरुको नेपालको स्थायी ठेगाना उनीहरुको सम्बन्धित पालिका नै हुने भएको कारण विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदाता नामावलीमा सूचीकृत गर्न यस ऐनले अयोग्य मानेको देखिँदैन । यस ऐनले मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता परिचयपत्र प्राप्त प्रत्येक मतदाताले निर्वाचनमा मतदान गर्न पाउने सुनिश्चित गरेको छ ।[६२]

## ५. सर्वोच्च अदालतको आदेश

### (५.१) २०७४ चैत ७ को आदेश

नेपालमा हुने आवधिक निर्वाचनहरुमा विदेशमा रहेका नेपाली नागरिकहरुलाई उनीहरु रहेकै देशबाट मतदान गर्ने व्यवस्था मिलाउन सर्वोच्च अदालतले २०७४ चैत ७ गते एक आदेश दिएको छ । सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्चले दायर गरेको रिट उपरको सुनुवाईबाट भएको सो आदेशमा ै प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय; व्यवस्थापिका संसद; परराष्ट्र मन्त्रालय; कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय; गृह मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा निर्वाचन आयोगलाई दिइएको आदेश[६३] मा "विदेशमा रहेका नागरिकहरुलाई

५८. निर्वाचन आयोग ऐन, २०७३, दफा ३४

५९. मतदाता नामावली ऐन, २०७३, दफा ६

६०. मतदाता नामावली ऐन, २०७३, दफा ७ (१)

६१. मतदाता नामावली ऐन, २०७३, दफा ७ (२)

६२. मतदाता नामावली ऐन, २०७३, दफा २३ (१)

६३. सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च विरुद्ध नेपाल सरकार समेतको रिटमा सर्वोच्च अदालत, संयुक्त इजलास, माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी, आदेश (०७३ -WO-११४९), २०७४ चैत ७ गते । https://supremecourt.gov.np/web/assets/downloads//judgements/%E0%A4%86%E0%A4%A6%E0%A5%87%E0%A4%B6_%E0%A5%A6%E0%

मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरुको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरुले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनू" भनिएको छ । सो आदेशले निर्वाचनमा वालिग मताधिकार लोकतान्त्रिक प्रणालीको आधारभूत शर्त रहेको, सबै मानव समान हुने र लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकको मतदानको अधिकार रहने, मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग समेत सम्बन्धित रहेको र मतदान गर्न पाउने हक अवरोध हुनु कानुनसम्मत नहुने र राज्यको अर्थतन्त्रले रोजगारीको अवसर सीर्जना गर्न नसकेको कारण रोजगारी समेतको कारणबाट विदेशिन पुगेका नागरिकहरुलाई मतदानको अधिकारबाट समेत वञ्चित गर्दा राजनीतिक रुपमा समेत वञ्चीतिकरणमा पर्न सक्ने जोखिम रहने राय समेत दिएको छ । सो आदेशका प्रमुख अंशहरु निम्नानुसार छन् :

**(क) चारवटा मूलभूत प्रश्नहरुको सम्बन्धमा निर्णय गरिएको**

१. मतदानको अधिकार नागरिकको कस्तो प्रकारको अधिकार हो ?

२. वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई निर्वाचनमा मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनुपर्ने हो वा होइन ?

३. वैदेशिक रोजगारको क्रममा मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनु पर्ने भए सो कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिँदैन ?

४. निवेदकको माग बमोजिम परमादेश लगायतको आदेश गर्नु पर्ने हो वा होइन ?

**(ख) मतदानको अधिकारको व्याख्या**

आदेशमा नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणा र नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्धको विभिन्न प्रावधानहरुका आधारमा निम्नानुसार मतदानको अधिकारको व्याख्या गरिएको छ ।

- **वालिग मताधिकार लोकतान्त्रिक प्रणालीको आधारभूत शर्तः**
  *"आवधिक निर्वाचन र वालिग मताधिकार कुनै पनि लोकतान्त्रिक प्रणालीको आधारभूत शर्त हो । राज्यको शासन प्रक्रियामा सहभागी हुन पाउनु नागरिकको हक हो ।"*
- **सबै मानव समान हुने र लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकको मतदानको अधिकार रहने :**
  *"सबै मानव जाती समान हुने हुँदा कोही माथि शासन गर्नको लागि त्यस्तो शासित वर्गको स्वतन्त्र सहमति प्राप्त हुनुपर्छ भन्ने दार्शनिक मान्यताको आधारमा लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकहरुलाई मतदान गर्ने अधिकार प्रदान गरिएको हुन्छ ।"*
- **मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग समेत सम्बन्धितः**
  *"लोकतन्त्रमा मतदान मार्फत् नै नागरिकहरुले कसलाई प्रतिनिधि छान्ने तथा कस्तो कानुन तथा नीति निर्माण गर्ने जस्ता आधारभूत प्रश्नहरुमा आफ्नो धारणा अभिव्यक्त गर्ने भएकोले नागरिकको मतदान गर्ने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि अन्योन्याश्रित रुपमा जोडिएको हुन्छ ।"*

A5%AD%E0%A5%AB_%E0%A5%A6%E0%A5%AB_%E0%A5%A7%E0%A5%AD(%E0%A5%A6%E0%A5%AD%E0%A5%A9-wo-%E0%A5%A7%E0%A5%A7%E0%A5%AA%E0%A5%AF).pdf मा हेरिएको ।

- **मतदान गर्न पाउने हक अवरोध हुनु कानुनसम्मत नहुनेः**
  *"आवधिक निर्वाचनमा मतदान गर्न पाउने अधिकारलाई नेपालको संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय कानुनले मानव अधिकारको रुपमा सुनिश्चित गरेको पाइन्छ । अतः निर्वाचनमा सहभागी भै मतदान गर्न पाउने नागरिकको संवैधानिक हकलाई कुनै पनि अवस्थामा अवरोध हुनु कानुन संगत मान्न सकिँदैन ।"*

**(ग) मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिनु पर्ने धारणा**

- **वैदेशिक रोजगारीमा गएकाहरु मतदान गर्न पाउने संविधान प्रदत्त अवसरबाट वञ्चित रहेको ठहर, संवैधानिक अधिकारको रुपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमूल्यन गरिन नहुने जिकीर**
  *"वैदेशिक रोजगारीका क्रममा देश बाहिर रहेका नागरिकहरुलाई मतदानको अधिकार सुनिश्चित गर्नको लागि कुनै व्यवस्था भएको देखिँदैन, जसबाट संविधानले नागरिकहरुलाई मतदानको अधिकार प्रदान गरेको भएतापनि वैदेशिक रोजगारको क्रममा विदेशमा रहेका नागरिकहरु मतदान गर्ने अवसरबाट वञ्चित रहेको देखियो । नेपालको संविधानले नागरिकहरुलाई तिनै तहको निर्वाचनमा मतदान गर्ने अधिकार हुने भनी नागरिकको मतदानको अधिकारलाई संवैधानिक अधिकारको रुपमा व्यवस्था गरेको कुरालाई कुनै पनि दृष्टिकोणबाट अवमूल्यन गरिनु हुँदैन ।"*
- **मतदानको अधिकार अन्तर्गत "मतदान गर्न पाउने अवसरको अधिकार" पनि अन्तरनिहीत रहने**
  विकास लकाइ खड्का वि.प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको मुद्दामा भएको फैसला (नेपाल कानुन पत्रिका, २०७०, अंक १०, पृष्ठ १२८८) लाई उद्धृत गर्दै *"जबसम्म जनताले मत मार्फत् आफ्नो इच्छा व्यक्त गर्न पाउने अवस्था सीर्जना हुँदैन, तबसम्म मतदान गर्ने अधिकार जनतामा निहीत हुनु वा नहुनुले कुनै तात्विक महत्व राख्दैन र निर्वाचनको परिणाममा जनताको इच्छा वास्तविक रुपले प्रतिविम्बित हुँदैन । जनताको मतदान गर्ने अधिकारलाई मूर्त वा पूर्ण रुप दिनको लागि उनीहरुलाई इच्छा अनुसारको मतदान गर्ने अवसर दिनु पर्दछ । यस अर्थमा Right to vote अन्तर्गत Right to opportunity to vote पनि अन्तरनिहीत रहेको मान्नु पर्दछ"* भनी सर्वोच्च अदालतबाट व्याख्या समेत भएको छ ।
- **सहज र भयरहित तवरबाट मतदानको अवसर दिलाउनु राज्यको दायित्व**
  *"संविधानले नागरिकलाई मतदानको अधिकार प्रदान गरेकोमा मतदान गर्ने अवसर प्राप्त गर्ने अधिकार पनि नागरिकलाई रहेको हुन्छ र नागरिकलाई सहज र भयरहित तवरबाट मतदानको अवसर दिलाउने दायित्व राज्यको हो । तसर्थ राज्यले कुनै प्रकारको भेदभाव बिना सबै नेपाली नागरिकहरुलाई मतदानको अधिकारको उपभोग गर्ने अवसर प्रदान गर्नु राज्यको कर्तव्य पनि हो ।"*
- **नेपालको संविधानले मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली भूमिमा नै रहेको वा बसेको नेपाली नागरिक रहेको हुनु पर्ने भनी संकुचित नगरेकोमा स्वदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर रहेको तर विदेशमा रहेकाहरुलाई त्यस्तो अवसर नरहेकोले यो समानताको अधिकारको विपरित**
  *"नेपालको संविधानको धारा ८४ (५) मा प्रयुक्त भएको शब्दावली हेर्दा अठार वर्ष पूरा भएका प्रत्येक नेपाली नागरिकलाई संघीय कानुन बमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । संविधानको उक्त व्यवस्था अनुसार प्रत्येक नेपाली नागरिकलाई मतदान गर्ने अधिकार प्रदान गरेको पाइन्छ । उक्त व्यवस्थाले मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली भूमिमा नै रहेको वा बसेको नेपाली नागरिक रहेको हुनु पर्ने भनी संकुचित गरेको छैन तर निश्चय पनि मतदानको अधिकार प्रयोग गर्नको लागि नेपाली नागरिक हुनु पर्ने र सो नै पर्याप्त हुने देखिन्छ । यसरी संविधानले नै प्रत्येक नागरिकलाई मतदानमा सहभागी हुन पाउने समान अवसर प्रदान गरेको अवस्थामा स्वदेशमा रहेका नागरिकहरुलाई सो अवसर प्रदान*

*हुने तर वैदेशिक रोजगारीको क्रममा देश बाहिर रहेका नागरिकहरुलाई सो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरित समेत हुने देखिन्छ ।"*

- **विदेशमा रहेका नेपालीहरुको मताधिकार प्रयोगको व्यवस्था नगर्दा जनसंख्याको ठूलो हिस्सा मताधिकारबाट वञ्चित हुन जाने**
  १८ वर्ष उमेर पुगेकाहरुले मात्रै वैदेशिक रोजगारीमा जान पाउने नेपालको कानुन भएको कारण रोजगारीका क्रममा विदेशमा रहेका सबै नागरिकहरु मतदानको लागि उमेर पुगेकाहरु नै हुने गर्दछन् । यसरी वैदेशिक रोजगारीमा रहेकाहरुको कुल संख्या नेपालको कुल मतदाताको २० प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । विदेशमा रहेका नेपालीहरुले मतदान गर्ने व्यवस्था नगरिनुले *"जनसंख्याको ठूलो हिस्सा मताधिकार जस्तो संवैधानिक अधिकारबाट वञ्चित हुन जाने"* हुन्छ ।
- **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको रेमिट्यान्सले अर्थतन्त्रमा पुऱ्याएको योगदानबाट राज्य लाभान्वित हुने तर तिनै नागरिकलाई मतदानको अधिकारबाट वञ्चित गरिनु न्यायको दृष्टिकोणबाट समेत अनुपयुक्त**
  *वैदेशिक रोजगारीमा जानु धेरै हदसम्म आवश्यकता र बाध्यताको उपज हो भने वैदेशिक रोजगारीको लागि विदेशमा रहेका नेपालीहरुले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुऱ्याएको वास्तविकतालाई मवमूल्यन गर्न सकिँदैन । यसरी मुलुक वाहिर रहेको नागरिकहरुको रेमिट्यान्सले अर्थतन्त्रमा पुऱ्याएको योगदानबाट राज्य लाभान्वित हुने तर तिनै नागरिकहरु मुलुक वाहिर रहेको कारणले मतदानको अधिकारबाट वञ्चित गर्नु न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुने देखिँदैन । ... जनसंख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रुपमा अनुमोदित भनी मान्न पनि सकिँदैन ।*
- **राज्यको अर्थतन्त्रले रोजगारीको अवसर सीर्जना गर्न नसकेको कारण रोजगारी समेतको कारणबाट विदेशिन पुगेका नागरिकहरुलाई मतदानको अधिकारबाट समेत वञ्चित गर्दा राजनीतिक रुपमा समेत वञ्चीतिकरणमा पर्न सक्ने जोखिम रहने ।**

**(घ) मुलुक बाहिर रहेका नागरिकहरुलाई मुलुक बाहिरबाटै मतदान गर्ने अवसर दिने कार्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकिन्छ वा सकिँदैन भन्ने बारेमा धारणा स्पष्ट गरिएको**

- **विश्वका विभिन्न देशले विदेशमा रहेका नागरिकहरुलाई मतदानको अवसर दिनको लागि कानुनी र अन्य व्यवस्था गरेको, हाम्रो देशले त्यस्तो व्यवस्था गर्न नसक्ने नदेखिने ।**
  फिलिपिन्स, स्पेन, भारत, नामिविया, जस्ता देशको उदाहरणहरु दिइएको ।

**(ङ) निर्देशनात्मक आदेश**

निर्देशनात्मक आदेश[६४]मा निम्नानुसारका छ वटा मूलभूत विषय समावेश गरिएको छ ।

१. विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरुलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रवन्ध गरी व्यवस्थित गर्ने तर्फ आवश्यक कदम चाल्नू ।

---

६४. रिट निवेदकले परमादेशको माग गरेको भए पनि *"वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्नको लागि आवश्यक कानुनी तथा अन्य पूर्वाधारहरुको व्यवस्था हाल भैनसकेको अवस्थामा आवश्यक कानुनी तथा अन्य पूर्वाधारहरुको व्यवस्था नगरी तत्कालै वैदेशिक रोजगारीको क्रममा विदेशमाम रहेका नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्न व्यवहारिक रुपमा सम्भाव हुने नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्दछ" भन्दै रिटमा उठाइएको विषयलाई उच्च महत्व दिँदै निर्देशनात्मक आदेश जारी गरिएको भनिएको छ ।*

२. विदेशमा बसेको भएतापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानुन बमोजिमको उमेर पूरा भै मतदाता परिचयपत्र भएको तथा विदेशमा रहेका नागरिकहरुको सम्बन्धमा कुटनीतिक नियोगले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिलाई External Voting को लागि योग्य मान्नू

३. हाम्रो सन्दर्भमा प्रत्यक्ष रुपमा विदेशस्थित कुटनीतिक नियोगहरुमा, प्रतिनिधि मार्फत्, हुलाक मार्फत् वा इलेक्ट्रोनिक्स भोटिङ् मध्ये कुन विकल्पको प्रयोग गर्दा अधिक से अधिक नागरिकलाई स्वच्छ, निश्पक्ष र धाँधलीरहित र गोप्य तरिकाबाट आर्थिक र व्यवस्थापकीय भार वहन गर्न सक्ने गरी मतदानको अवसर प्रदान गर्न सकिन्छ, सो सम्बन्धमा विभिन्न राजनीतिक दलहरु, नागरिक समाज तथा रिट निवेदक संस्था लगायत सम्बन्धित निकाय समेतसँग परामर्श गरी आवश्यकता परे Pilot test गरी उपयुक्त व्यवस्था मिलाउनू ।

४. नेपाली नागरिकहरु विभिन्न देशमा छरिएर रहेका र विदेशी नागरिकहरुलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग अलग देशमा फरक फरक कानुन र नीति हुन सक्ने भएकोले विदेशमा रहेका नेपाली नागरिकहरुलाई सो अवसर दिलाउनको लागि विभिन्न देशहरुका सरकार तथा आवश्यकतानुसार नेपाली कामदारहरु कार्यरत रोजगारदाता कम्पनीहरुसँग आवश्यक कुटनीति पहल गर्नू ।

५. ... जो चाहिने आवश्यक व्यवस्था सहितको कानुन निर्माणको लागि अविलम्ब संसद समक्ष विधायिकी प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्नको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा आदेश जारी गरिदिएको छ । साथै अब हुने निर्वाचनहरुमा विदेशमा रहेका नेपाली नागरिकले भाग लिन पाउने सार्थक अवस्थाहरु सीर्जना गर्न आवश्यक स्रोत, सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनको लागि आवश्यक तयारी गरी मतदान गर्न सक्नेसम्मको अवस्थाहरु सुनिश्चितता गर्न आवश्यक र उपयुक्त पहल गर्नु गराउनू ।

६. विदेशमा रहेका नागरिकहरुलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरुको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरी आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरुले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनू ।

**(च) आदेश कार्यान्वयनमा सरकार उदासीन**

विदेशमा रहेका नागरिकहरुको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब सुरु गरी सो आदेशपछिको आउँदो निर्वाचनसम्ममा विदेशमा रहेका नेपाली नागरिकहरुले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउन सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयनमा सरकार उदासीन भएको देखियो । सो आदेश जारी भएपछिको स्थानीय तह निर्वाचन र प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ सालमा भएको थियो । पाँच वर्षको सो अवधिमा निर्वाचन आयोगले यस कामको सुरुआतका लागि कानुनको मस्यौदा तयार गर्नेदेखि अन्य गृहकार्य गरेको जनाएको थियो । यद्यपि, सरकारले सो आदेश कार्यान्वयन गर्नेतर्फ ठोस पहल गरेको देखिएन ।

- अदालतको अवहेलना मुद्दा दर्ता
  सर्वोच्च अदालतको निर्देशनात्मक आदेशमा विदेशमा रहेको नेपालीहरुलाई मिति २०७४।१२।०७ पछि हुने प्रत्येक निर्वाचनमा मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्ने तर्फ आवश्यक कदम चाल्न भनिए पनि सरकारकारले सो आदेश पालना नगरेबाट अदालतको अवहेलना भएको भनी काठमाडौँको टोखा नगरपालिका स्थायी घर भइ हाल टेक्सास अमेरिका बस्ने क्षितीजराज लोहनी तथा मोरङ्ग जिल्ला विराटनगर

नगरपालिका बस्ने सरोज न्यौपानेले २०७८ साल फागुन २२ गते सर्वोच्च अदालतमा एक मुद्दा दर्ता गर्नुभएको देखिन्छ ।[६५]

### (५.२) २०७९ असार ३० को परमादेश

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा समानुपातितर्फ नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका सुरक्षाकर्मी र निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको पनि मताधिकार सुनिश्चित गर्न मतदाता नामावलीमा उनीहरुको नाम समावेश गर्न र उनीहरुको वालिग मताधिकार प्रयोग गर्नका लागि आवश्यक सबै व्यवस्था मिलाउन माग गर्दै दायर गरिएको रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले २०७९ असार ३० गते *"प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फको निर्वाचन प्रयोजनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा ३० (१) र (२) को अस्थायी मतदाता नामावलीको व्यवस्थालाई कार्यान्वियन गर्न आवश्यक प्रक्रिया, प्रबन्ध र व्यवस्थापन मिलाई तत्पश्चात् उक्त ऐनको दफा ३० (१) (२) को भावना अनुरुप अस्थायी मतदाता नामावली संकलन गरी गराई मतदानको अधिकार प्रयोग गर्न पाउने गर्नु गराउनू"* भनी नेपाल सरकारलाई परमादेश दिएको छ ।[६६]

---

६५. का.जि. गोगंबु गा.वि.स. वडा नं .४ को परिर्वतिर्त टोखा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल टेक्सा अमेरिका बस्ने बर्ष २९ को क्षितीज राज लोहनी मोरङ्ग जिल्ला विराटनगर नगरपालीका वडा नं. ४ बस्ने बर्ष ४५ को सरोज न्यौपाने विरुद्ध नेपाल सरकार मन्त्रिपरिषदको कार्यालय, व्यवस्थापिका संसद, निर्वाचन आयोग, नेपाल सरकार गृह मन्त्रालय र नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय "अदालतको अवहेलनामा कारवाही गरिपाऊँ" विषयक मुद्दा (नं. ०७८-AP-०३४६), https://merovote.com/legal/ मा हेरिएको ।

६६. निशान्त पोखरेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं समेतको रिटमा सर्वोच्च अदालत, एकल न्यायाधीशको इजलास, माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ, परमादेश (०७८ -WO-१५९५), २०७९ असार ३०, https://nepallive.com/story/286625 _मा हेरिएको ।

# परिच्छेद तीन

# Remote Voting को अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा हालसम्म भएका प्रयासहरु

विश्वका कयौँ देशका नागरिकहरुले त्यस्तो अधिकार आफ्नो स्थायी बसोबासको स्थानभन्दा वाहिरबाट समेत प्रयोग गर्दै आएका छन् । नेपालको आवधिक निर्वाचनमा भने विदेशमा रहेका नेपाली नागरिकहरुलाई सहभागी गराउने गरिएको छैन । यद्यपि निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुलाई नेपालको आवधिक निर्वाचनमा मतदान कार्यमा सहभागिता सुनिश्चित गराउने उद्देश्यले केही गृहकार्यहरु गरेको छ भने नेपाल सरकारले आफ्ना आवधिक योजनामा यस कुरालाई समावेश गरेको छ । यस परिच्छेदमा विदेशमा रहेका नागरिकहरुको मताधिकार प्रयोगको सुनिश्चिताका लागि विश्वका अन्य देशमा भएका अभ्यासहरु र यसका लागि नेपालमा हालसम्म भएका प्रयासहरुका बारेमा चर्चा गरिन्छ ।

## १. अन्तर्राष्ट्रिय अभ्यासहरु

विश्वका अधिकांश देशले विदेशमा रहेका तिनका नागरिकहरुलाई विदेशबाटै स्वदेशको निर्वाचनमा मतदान (Remote Voting) गर्ने व्यवस्था मिलाउने गरेका छन् । International Institute for Democracy and Electoral Assistance (International IDEA) र Instituto Federal Electrolal (IFE) द्वारा सन् २००७ मा प्रकाशित एक Handbook मा त्यतिबेला नै विश्वका ११५ राष्ट्रले विदेशमा रहेका आफ्ना नागरिकहरुलाई निर्वाचनमा उनीहरु रहेकै स्थानबाट स्वदेशको निर्वाचनमा सहभागी गराउने व्यवस्था कानुन वा व्यवहारमा गरेका थिए ।[६७] सो Handbook मा Remote Voting को लागि विश्वमा प्रयोग हुँदै आएको विधिहरु, विदेशमा रहेका नागरिकहरुसमेतको सहभागितामा हुने निर्वाचनका प्रकारहरु र Remote Voting को अभ्यास रहेका देशहरुको नामावली समेत उल्लेख गरिएको छ ।

(क) Remote Voting **का विधिहरु**

१. **नीज रहेकै देशमा मतदान केन्द्रको व्यवस्था गरी (सो देशको आफ्नो कुटनीतिक नियोगमा) सोही स्थानमा मत खसाल्ने व्यवस्था गर्ने :** आफगानिस्तान, अर्जेन्टिना, हङ्गेरी, दक्षिण अफ्रिका लगायतका देशले यो प्रक्रिया अपनाएका ।

२. **हुलाक मार्फत् :** क्यानडा, नर्वे, मेक्सिको, स्वीट्जरल्याण्ड लगायतका देशले यो प्रक्रिया अपनाएका

३. **प्रतिनिधि (Proxy) मार्फत् :** यस विधि अन्तर्गत विदेशमा रहेका नागरिकले आफ्नो तर्फबाट मतदान गर्नको लागि स्वदेशमा प्रतिनिधि नियुक्त गरिन्छ । मौरिसस, टोगो लगायतका देशले यो प्रक्रिया अपनाएका छन् ।

४. **इलेक्ट्रोनिक भोटिङ् :** इन्टरनेटको प्रयोग गरी मत दिने यो विधिलाई अनलाईन भोटिङ्ग पनि भन्ने गरिन्छ । यसमा मतदाताले तोकिएको समयमा तोकिएको इन्टरनेट वा मोबाइल एप्लीकेसनको प्रयोग गरी सहज तवरले भोट दिन सक्दछन् ।

---

६७. International Institute for Democracy and Electoral Assistance, "Ioting from Abroad: The International IDEA Handbook," 2007, https://www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf (पृष्ठ १२) मा हेरिएको ।

**(ख) विदेशमा रहेका नागरिकहरुसमेतको सहभागितामा हुने निर्वाचनका प्रकारहरु**

विभिन्न राष्ट्रहरुले आफ्नो अनुकूलता बमोजिम Remote Voting को व्यवस्थापन गर्ने गरेको पाइन्छ । केही देशले जनमत संग्रहका लागि, केहीले राष्ट्रपति निर्वाचनको लागि मात्रै (Presidential elections only), केहीले संसदीय निर्वाचनमा (Legislative elections only) र केहीले एकभन्दा बढी निर्वाचन (Any other combination of two types of elections or more) मा यस्तो भोटिंगको व्यवस्था गर्ने गरेका छन् । केही देशहरु भने Remote Voting को व्यवस्थाको प्रारम्भिक वा अस्थायी प्रावधान अभ्यास (Earlier or temporary provisions for external voting) को चरणमा रहेका छन् । केही देश संक्रमण (Transition) को चरणमा पनि रहेका छन् भने बाँकी देशहरुमा Remote Voting को कुनै व्यवस्था नै रहेको छैन ।

**(ग) Remote Voting को अभ्यास गर्ने देशहरु**

International IDEA र IFE को Handbook मा[६८] Remote Voting को अभ्यास गर्ने विश्वका ११५ को निम्न बमोजिमको सूची दिइएको छ ।

| Region | Country |
|---|---|
| Africa (28) | Algeria, Angola, Benin, Botswana, Cape Verde, Central African Republic, Chad, Côte d'Ivoire, Djibouti, Equatorial Guinea, Gabon, Ghana, Guinea, Guinea-Bissau, Lesotho, Mali, Mauritius, Mozambique, Namibia, Niger, Rwanda, São Tomé and Principe, Senegal, South Africa, Sudan, Togo, Tunisia, Zimbabwe |
| Americas (16) | Argentina, Bolivia, Brazil, Canada, Colombia, Dominican Republic, Ecuador, Falkland Islands, Guyana, Honduras, Mexico, Nicaragua, Panama, Peru, United States, Venezuela |
| Asia (20) | Afghanistan, Bangladesh, India, Indonesia, Iran, Iraq, Israel, Japan, Kazakhstan, Kyrgyzstan, Laos, Malaysia, Oman, Philippines, Singapore, Syria, Tajikistan, Thailand, Uzbekistan, Yemen |
| Western, Central and Eastern Europe (41) | Austria, Azerbaijan, Belarus, Belgium, Bosnia and Herzegovina, Bulgaria, Croatia, Czech Republic, Denmark, Estonia, Finland, France, Georgia, Germany, Gibraltar, Greece, Guernsey, Hungary, Iceland, Ireland, Italy, Jersey, Latvia, Liechtenstein, Lithuania, Luxembourg, Isle of Man, Moldova, Netherlands, Norway, Poland, Portugal, Romania, Russia, Slovenia, Spain, Sweden, Switzerland, Turkey, Ukraine, United Kingdom |
| Pacific (10) | Australia, Cook Islands, Fiji, Marshall Islands, Micronesia, Nauru, New Zealand, Palau, Pitcairn Islands, Vanuatu |
| Total 115 | |

६८. Voting from Abroad: The International IDEA Handbook, 2007, https://www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf पृष्ठ १२

## २. नेपालमा हालसम्म भएका प्रयासहरु

नेपालले Remote Voting हालसम्म सुनिश्चित गरिनसकेको भए पनि यसका लागि विभिन्न निकायबाट विभिन्न कामहरु भएको देखिन्छ । खासगरी निर्वाचन गराउने र यससम्बन्धी नीतिगत सुझावहरु दिने निकाय निर्वाचन आयोगले Remote Voting को व्यवस्था गर्न विभिन्न देशको स्थलगत भ्रमण, त्यहाँका सरकारहरुसँग सम्बाद र अन्य देशले यस सम्बन्धमा गरेका अभ्यासहरुका बारेमा जानकारी संकलन गरी नेपालमा यो व्यवस्था कसरी लागू गर्न सकिन्छ भनी धारणाहरु बनाएको देखिन्छ । नेपाल सरकारले पनि आफ्ना आवधिक योजनाहरुमा यस सम्बन्धी कामलाई समावेश गरेको देखिन्छ ।

२.१ आवधिक योजना

- **पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) :** आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनामा विदेशमा रहेका तथा अनुपस्थित मतदाताको मतदानको अधिकार स्थापित गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिने योजना गरिएको छ । उक्त पञ्चवर्षिय योजनामा "निर्वाचन प्रणाली" अन्तर्गतको रणनीति तथा कार्यनीति नं. ४.४ मा[६९] निम्नानुसार लक्ष्य निर्धारण गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. निर्वाचन सम्बन्धी कानुनमा थप परिमार्जन तथा परिष्कृत गर्दै नीतिगत सुधार गर्ने । | १. निर्वाचन सम्बन्धी कानुनमा समसामयिक सुधार र परिमार्जन गरिनेछ ।<br>५. आवश्यकतानुसार मतदान केन्द्रको पुनरावलोकन, उत्प्रेरणामूलक निर्वाचन शिक्षा कार्यक्रम, अपाङ्गतामैत्री मतदान व्यवस्था, सरल मतदान प्रक्रिया अवलम्बन गरी सम्पूर्ण मतदातालाई मतदानमा सहभागी हुने वातावरण सीर्जना गरिनेछ । |
| २. प्रभावकारी निर्वाचन शिक्षा सञ्चालन तथा नवीनतम प्रविधिको उच्चतम प्रयोग गरी मतदाता नामावली दर्ता, अद्यावधिक, मतदान र मतगणना गर्ने । | १. निर्वाचन कार्यक्रम एवं प्रक्रियालाई सरल, स्पष्ट, छिटोछरितो तथा प्रभावकारी बनाउन निर्वाचन व्यवस्थापनमा विद्युतीय मतदान यन्त्र लगायतका नवीनतम प्रविधिको प्रयोग गरिनेछ ।<br>३. अनलाईन प्रणालीबाट समेत मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रणालीको विकास गरिनेछ ।<br>४. सञ्चारका आधुनिक साधन प्रयोग गरी आयोगको जानकारीमूलक सूचना तथा सन्देश सरोकारवाला समक्ष प्रभावकारी रुपमा पुर्‍याइनेछ । |

६९ पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), पृष्ठ २९१-२९२, https://npc.gov.np/images/category/15th_Plan.pdf

| | |
|---|---|
| ४. निर्वाचन आयोगको संस्थागत सुदृढीकरण गर्ने । | २. निर्वाचन सम्बन्धी विश्वमा भएका राम्रा अभ्यासलाई नेपालमा भित्र्याउन सकिने सम्भावनाको बारेमा अध्ययन, अनुसन्धान तथा विकास गरिनेछ ।<br>५. विदेशमा रहेका तथा अनुपस्थित मतदाताको मतदानको अधिकार स्थापित गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ । |

२.२ **निर्वाचन आयोगको रणनीतिक योजना**

निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१) मा विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न नेपाल सरकार, राजनीति दल र सरोकारवालाहरुसँग छलफल गरी प्राप्त सुझाव र विगतका अध्ययन प्रतिवेदनहरु समेतको आधारमा कानुनको मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गर्ने भनी Remote voting का सम्बन्धमा स्पष्ट योजना गरिएको देखिन्छ ।[७०] आयोजको सो योजनामा अनलाईन मार्फत् मतदाता नामावली दर्ता गर्ने र निर्वाचनमा सूचना प्रविधिको प्रयोग गर्ने पनि योजना गरिएको छ, जसले Remote voting को व्यवस्था लागू गर्न थप मद्दत पुऱ्याउँदछ । आयोगको उक्त योजनामा निम्नानुसार लक्ष्य निर्धारण गरिएको छ ।

| कार्यनीति २.१ अनलाईन मार्फत् मतदाता दर्ता र अद्यावधिक गर्ने प्रणाली अवलम्बन गरिनेछ । | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | क्रियाकलाप | जिम्मेवार नियाय/महाशाखा | सहयोग निकाय/शाखा | लाग्ने समय (वर्ष) | अनुमानित बजेट (रु. लाखमा) | कार्यसम्पादन सूचक | जोखिम |
| २.१.३ | अनलाईन मार्फत् मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने प्रणाली विकास गर्ने | सूचना प्रणाली शाखा | • मतदाता नाममावली तथा निर्वाचन | दोस्रो वर्ष (त्यसपछि निरन्तर) | २५० | • विकास गरिएको अनलाईन मतदाता दर्ता प्रणाली | १, र ३ |
| कार्यनीति ३.५ विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सम्बन्धमा कानुनी व्यवस्थाको लागि पहल गरिनेछ । | | | | | | | |
| क.सं. | क्रियाकलाप | जिम्मेवार नियाय/महाशाखा | सहयोग निकाय/शाखा | लाग्ने समय (वर्ष) | अनुमानित बजेट (रु. लाखमा) | कार्यसम्पादन सूचक | जोखिम |
| ३.५.१ | विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न नेपाल सरकार, राजनीति दल र सरोकारवालाहरुसँग छलफल गर्ने । | मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा | • नेपाल सरकार<br>• राजनीतिक दलहरु<br>• ऐन नियम तथा फैसला कार्यान्वयन शाखा | पहिलो देखि तेस्रो वर्ष | २० | • राजनीतिक दलहरुसँग भएका छलफल तथा अन्तरत्रिया कार्यक्रमको संख्या<br>• प्रतिवेदन | १, ४, ५.६, ९, १२ |

७० तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१), निर्वाचन आयोग, नेपाल, २०७६, https://election.gov.np/uploads/Pages/1594191104_np.pdf पृष्ठ ७९

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.५.२ | छलफलबाट प्राप्त सुझाव र विगतका अध्ययन प्रतिवेदनहरु समेतको आधारमा कानुनको मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गर्ने । | ऐन नियम तथा फैसला कार्यान्वयन शाखा | मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा | दोस्रो र तेस्रो वर्ष | ५ | आयोगबाट स्वीकृत भएको मस्यौदा | १, ५, ६ |

### २.३ निर्वाचन आयोगका अध्ययनहरु

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकहरुलाई नेपालमा हुने आवधिक निर्वाचनमा उनीहरु रहेकै देशबाट मतदान गर्न पाउने व्यवस्थाको सम्भाव्यता अध्ययन लागि २०६९ साल यता चारवटा अध्ययनहरु गरेको बताइन्छ । तर ती मध्ये २०७१ सालको एउटा प्रतिवेदन[७१] मात्र यस अध्ययन टोलीलाई प्राप्त भएको हुँदा उपलब्ध प्रतिवेदनले उल्लेख गरेका विषयहरुको निचाड यसमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

आयोगको २०७१ सालको सो स्थलगत अध्ययन प्रतिवेदनमा २०७१ सालको अर्को प्रतिवेदन र २०६९ सालको प्रतिवेदनको प्रमुख निचोड यस प्रकार उल्लेख गरिएको छ :

**२.३.१. निर्वाचन आयोगका सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा गठित टोलीको अध्ययन, २०६९:** निर्वाचन आयोगका सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा वि.सं. २०६९ मा गरिएको अध्ययनबाट विदेशमा बस्ने नेपालीहरुलाई प्रजातान्त्रिक प्रक्रियामा समाहित गर्न आपसी समन्वय र सहकार्यमा तथा आर्थिक रुपमा धान्न सकिने उपायको खोजी गर्नु पर्ने निष्कर्ष निकालेको पाइन्छ ।

**२.३.२. निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको नेतृत्वमा गठित टोलीको अध्ययन, २०७१:** निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको नेतृत्वमा वि.सं. २०७१ सालमा गठित अध्ययन टोलीले चरणवद्ध रुपमा मतदाता नामावलीमा दर्ताबाट सुरु गरी कार्ययोजनासहित अगाडि बढ्न सुझाव दिएको । टोलीले संयुक्त राज्य अमेरिकाको भ्रमण समेत गरी सुझाव दिएको । मुख्य सुझावहरुमा

- अनुपस्थितिमा मतदानको विषयमा सरोकारवालाहरुसमेत सम्मिलित एक स्थायी प्रकृतिको संयन्त्र आयोगमा स्थापना गर्ने,
- नाम दर्ताको काम क्रमिक रुपमा अनलाई पद्धतिमा गर्ने र
- अनुपस्थितिमा मतदान राष्ट्रियस्तरका निर्वाचनहरुमा मात्र लागू गर्ने ।

७१. विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत गरिएको प्रतिवेदन ।

### २.३.३. विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा मध्यपूर्वका विभिन्न देशहरुको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०७१[७२]



विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश ( संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा बुझाएको प्रतिवेदनले विदेशमा रहेका नागरिकहरुको दर्ता प्रक्रियाका विभिन्न विधिहरु, निर्वाचन गर्नको लागि प्रयोग गर्न सकिने विधिहरु तथा विभिन्न प्राविधिक पक्षहरुको सम्बन्धमा समेत विश्लेषण गरेको छ । नाम समावेश नभएकाहरुलाई कसरी मतदाता नामावलीमा समेट्ने, नेपालमै नामावलीमा नाम समावेश भएको भए पनि विदेशमा रहेको अवस्थामा मतदान हुँदा कसरी सबैलाई उनीहरुको अधिकार प्रयोग गर्न दिनेसम्मको विषयमा स्थलगत अध्ययन गर्ने उद्देश्यले गरिएको सो अध्ययन प्रतिवेदनको सारसंक्षेप निम्न बमोजिम रहेको छ ।

- नेपालमा रहेका करीव १.२ करोड मतदाताहरुमध्ये भारत वाहेक करिव ३५ लाख मतदाता विदेशमा विभिन्न कार्यवश बसिरहेका । त्यसमध्येपनि करीव ७० प्रतिशत नेपाली मतदाताहरु मध्यपूर्व खाडीका मुलुकहरुमा केन्द्रित भएको ।
- विदेशमा रहेका नेपालीहरुमध्ये धेरैको मतदाता नामावलीमा नाम समावेश भएको हुन सक्ने, कतिपयको नाम सूचीकृत नभएको हुन सक्ने ।
- २०७१।४।२ मा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गरिरहेका राजनीतिक दलहरुसँगको अन्तरक्रियामा उपस्थित प्रायः सबै प्रतिनिधिहरुले आआफ्नो तर्फबाट यस कार्यमा सहयोग गर्ने धारणा व्यक्त गर्दै यसमा आयोगले प्राथमिकता दिएर विस्तृत र स्थलगत अध्ययन गरी पुनः छलफलको आयोजना गरोस् भन्ने सुझाव समेत दिएका । विदेशी कुटनीतिक नियोगका प्रतिनिधिहरुसँगको छलफलमा नेपालीहरु रहेका देशहरुमा आआफ्नो सरकारको तर्फबाट सकारात्मक सहयोग उपलब्ध हुने जानकारी प्राप्त भएको । पूर्व राजदुतहरुले यो कार्य महत्वपूर्ण र चुनौतिपूर्ण भएकोले यसका विषयमा थप अध्ययन र विश्लेषण गर्नु पर्ने एवं स्थलगत अध्ययनले मात्रै वस्तुनिष्ठ धारणा निर्माण गर्न सहयोग पुर्‍याउने सुझाव दिएका ।

#### यस अध्ययनबाट देखिएका अवस्था

#### नेपालको र नेपालमा वाह्य मतदान

- प्रवासी नेपालीहरुका लागि विदेशमै मतदान गर्ने गरी कानुनमा व्यवस्था गरिएको छैन र सो अनुरुप पूर्वाधारहरु तयार गरिएको पनि छैन ।

---

७२. विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत गरिएको प्रतिवेदन ।

- २०३६ सालको जनमत संग्रहमा भारतको नयाँ दिल्ली र कोलकता, संयुक्त राज्य अमेरिकाको न्युयोर्क र वासिङ्गटन डी.सी. र संयुक्त अधिराज्यको लण्डन लगायत विदेशस्थित अन्य नेपाली कुटनीतिक नियोगहरुमा मतदानको व्यवस्था गरिएको ।
- काठमाडौँमा कुटनीतिक नियोग भएका देशका सरकारबाट नेपाल सरकार समक्ष मतदानका लागि स्वीकृति र आवश्यक सुरक्षा प्रवन्धका लागि कुटनीतिक माध्यमबाट अनुरोध गर्ने गरिएको । ती अनुरोधहरुलाई गृहमन्त्रालयले छानबीन गरी दुतावास परिसर भित्र मतदान गर्ने अनुमति दिइने तथा सुरक्षाको आवश्यक प्रवन्ध समेत गरिदिने प्रचलन रहेको । त्यसरी नेपालका दुतावासहरुमा हुने निर्वाचन कसरी हुँदा रहेछन् र कुन पद्धतिले हुँदा रहेछन् भन्ने बारे बुझ्न सकिने ।

**अध्ययनले दिएका सुझावहरु**

(क) नामदर्ताः

- नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमा विशेष डेस्क स्थापना गर्ने र मतदाता नामावली संकलन गर्ने,
- अनलाईन विधि मार्फत नाम दर्ता गर्ने व्यवस्था भए बढी उपयुक्त हुने,
- नाम दर्ता निश्चित अवधिका लागि मात्र खुला नगरेर जुनसुकै बेलाका लागि पनि खुला राखिनु पर्ने ।
- दुतावासमा नै नामदर्ताको लागि एउटा डेक्स खडा गर्न सकिने । फिलिपिन्सको दुतावासमा Overseas Voting Registration Desk हेको कुरालाई असल अभ्यासको उदाहरणका रुपमा लिइएको ।
- मतदाता परिचयपत्र पनि मेसिन रिडएवल बनाउन सकिन्छ ।

(ख) गन्तव्य देशको प्रतिवद्धता

- युएई (सरकारी निकायसँग भेटघाट हुन नसकेको)
- वहराइन :
  - नेपालले चुनाव गराउनु परेमा जानकारी गराउँदा हुने, अनुमति लिइरहनु नपर्ने,
  - मतदाताको नामावली दर्ताको लागि बहराइनको समाचारपत्रहरु, टेलिफोन सेवा प्रदायक, सामाजिक सञ्जाल, कम्पनीहरुको उपयोग गर्न सकिने ।
  - मतपत्रको सुरक्षा, स्थानको सिलिङ तथा आवश्यक परेमा प्राविधिक सहयोग तथा मतपेटिका उपलब्ध गराई सहयोग गर्न तयार रहेको ।
  - नेपाली श्रमिकहरुको आधिकारिक विवरण श्रम बजार नियमन प्राधिकरणले उपलब्ध गराउने,
  - श्रम मन्त्रालयले मतदानको दिन मतदातालाई पासपोर्ट सहित उपस्थित हुन सहयोग गर्ने ।
- कुवेत
  - नेपालले कुवेतमा निर्वाचन गराउन सक्ने, परराष्ट्र मन्त्रालय मार्फत् कुरा अगाडि बढाउनु पर्ने ।
  - मतदान नेपाली दुतावासले आफ्नो परिसर भित्र गराउनु पर्ने ।
  - सुरक्षा तथा रोजगारदाता कम्पनीहरुबाट सहयोगको लागि गृहमन्त्रालय मार्फत् प्रक्रिया अगाडि बढाउनु पर्ने ।
- साउदी अरव

  *(टोलीसँग साउदी सरकारका प्रतिनिधिहरुको भेट हुन नसकेको तर ३१ अगस्ट २०१४ मा लिखित नोट नै उपलब्ध गराएको)*
  - साउदी अरबमा बस्ने नेपालीहरुलाई मतदानमा सहभागिता गराउनमा कुनै समस्या नहुने,
  - साउदी सरकारले सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउने ।

- कतार
  - कतारमा कार्यरत आफ्ना देशका नागरिकहरुलाई मतदानमा सहभागी गराउन चाहने देशहरुलाई कतारले अनुमति दिँदै र सुरक्षा आदि सहयोग गर्दै आएको ।
  - नेपालले पनि मतदाता नामावली संकलन गर्न र मतदानमा सहभागिता गराउन चाहने हो भने कुटनीतिक माध्यमबाट अनुरोध गर्नु पर्ने । कतारको प्रचलन र कानुन बमोजिम आवश्यक सहयोग गरिने ।

**(ग) मतदान विधि**

- अनलाईन वा मोबाइल पद्धतिमा आधारित मतदान
- नमूनाका रुपमा केही देशबाट मतदानमा सहभागिता गराउने काम अघि बढाउनु पर्ने । कतिपय देशमा गएका नेपाली नागरिकहरु उतै स्थायी बसोबास गर्ने भए पनि मध्यपूर्वमा कार्यरत छिटपुट बाहेक सबैजना नै केही समयपछि नेपाल फर्कने भएको कारण मध्यपूर्वका देशहरुबाट वाह्य मतदान सुरुआत गर्न उपयुक्त हुने ।
- मतदान स्वदेशमा चुनाव हुने भन्दा केही दिन अगाडि नै हुनु पर्ने ।
- कुवेत, वहराइन, कतार जस्ता भौगोलिक रुपमा सानो देशबाट पाइलट गरेर वाह्य मतदानको थालनी गर्नु राम्रो हुने ।

**वाह्य मतदानको चुनौती**

- उल्लेख्य स्रोतको व्यवस्था गर्नु पर्ने (बहराइन, कुवेत र कतारको लागि मात्र २ लाख ८ हजार अमेरिकी डलर अर्थात् झण्डै २५ करोड खर्च लाग्ने अनुमान)
- रोजगारदाताले राहदानी नियन्त्रणमा लिने हुनाले नामदर्ताको लागि पासपोर्टका आधारमा नाम दर्ता गर्न पनि चुनौतीपूर्ण हुन सक्ने ।
- निर्वाचनका कारणले नेपाली नेपाली बीच मनमुटाव बढाउन सक्ने ।
- घरेलु श्रमिकहरुलाई चुनावी प्रक्रियामा सहभागी गराउन कठिन ।
- अनलाईन भोटिंगमा कतिपय श्रमिहरुलाई कठिन हुने ।
- दुतावासमा चुनाव भएमा साउदी अरव जस्ता ठूला देशमा दुतावाससम्म आउन र जान तथा भनेको दिन बिदा नपाउने आदि समस्या हुने ।

**अन्य देशले खाडीमा रहेका आफ्ना नागरिकहरुलाई वाह्य मतदानमा सहभागिता गराउँदाको अनुभव**

(क) अबुधावीस्थित इजिप्ट राजदुतावास

- नामावली संकलन डाटाबेश प्रणालीबाट गर्दा सहज हुने । मतदानको बेला अनलाईनबाटै भेरिफिकेसन गर्न सकिने ।
- इजिप्टले मतपत्रमै आधारित मतदान गराउने गरेको ।
- दुतावासमा मतदान । मतदान परिचयपत्र वा राहदानीका आधारमा गर्न दिइने ।
- इजिप्टमा भन्दा ५ दिन अगाडिकै मितिमा युएईमा चुनाव भएको ।
- श्रमिकहरु कम्पनीलाई अनुरोध गरी बिदा, यातायात जस्ता व्यवस्था मिलाइएको ।

- दुतावास भित्र पाल टाँगेर त्यहाँ मतदानको व्यवस्था मिलाइएको । मतदानको लागि प्राविधिक टोली इजिप्टबाटै आएको ।

(ख) बहराइनस्थित इजिप्ट राजदुतावास

- संसारभरका १४४ देशमा रहेका दुतावास मार्फत् इजिप्टले वाह्य मतदानको अभ्यास गर्दै आएको ।
- वहराइनमा विद्यालय वा सार्वजनिक सभास्थल भाडामा लिएर पनि निर्वाचन गराउन सकिने ।

(ग) कुवेतस्थित इजिप्ट राजदुतावास

- नामावली संकलनको लागि मिडिया, स्थानीय संघसंस्था वा फ्याक्स मार्फत् जानकारी गराउने ।
- नाम दर्ता आफैँ उपस्थित भएर, हुलाक मार्फत वा अनलाईन मार्फत गर्न सकिने र नाम दर्ता भएपछि नीजलाई युनिक कोड उपलब्ध गराउने ।
- स्वदेशमा चुनाव हुने भन्दा ४ दिन अगावै विदेशमा चुनाव हुनु पर्ने ।
- निर्वाचन पर्यवेक्षण समेत गराउन सकिने ।
- मतदानको दिन तोक्दा सार्वजनिक बिदाको दिन पार्नु राम्रो हुने ।

(घ) साउदी अरबस्थित इजिप्ट राजदुतावास

- इजिप्टको राष्ट्रिय परिचयपत्रका आधारमा मतदान गर्न दिइएको ।
- विदेशमा रहेका इजिप्टका नागरिकले राष्ट्रपति चुनाव र जनमत्र संग्रहमा मात्र मतदान गर्न पाउने ।
- अनलाइनबाट वा दुतावासमा गएर नाम दर्ता गर्न सकिने ।
- मतदाताको नाम दर्ताको प्रक्रियामा साउदी अरबका रोजगारदाता कम्पनीहरुको पनि सकारात्मक सहयोग रहेको ।

(ङ) कतार स्थित इजिप्ट राजदुतावास

- हुलाकमार्फत् समेत मतदान गर्ने व्यवस्था रहेकोमा त्यो बढी झन्झटिलो भएको ।
- कतार सरकार समक्ष कुटनीतिक माध्यमबाट अनुरोध भएमा कतार सरकारले सुरक्षा र सहजीकरणमा सक्दो सहयोग र समन्वय गर्ने ।

## अध्ययनको निचोड र सिफारिस

निचोड

**(क) मतदाताको नाम दर्ता**

- **मतदाता नामावली संकलन र मतदानमा उल्लेख्य सहभागिता रहने :**
*नेपाली समुदायको उत्साह र अन्य परिस्थितिको आँकलन पछि कुल नेपाली आप्रवासीमध्ये ७० प्रतिशतले मतदाता नामावलीमा नाम दर्ता गराउने र मताधिकार प्राप्त व्यक्तिहरुको ६० प्रतिशतले मतदानमा भाग लिने अनुमान गरिएको ।*
- **मतदाताको नाम दर्ताको लागि सम्बन्धित देशको कानुनले वाधा नपार्नेः**

*टोलीले भ्रमण गरेका सबै देशका प्रचलित कानुनले यसमा वाधा नपार्ने ।*

- **रोजगारदाताले नाम दर्ताका लागि सहयोग पुऱ्याउन सक्नेः**
  *भ्रमण गरिएका सबैदेशका सरकारी निकाय, नेपाली दुतावास र ती देशहरुमा रहेका आफ्ना नागरिकहरुलाई निर्वाचनमा सहभागी गराइरहेको इजिप्सियन दुतवास समेतको छलफलबाट नेपाली दुतावासबाट सोझै वा सम्बन्धित सरकारी निकाय मार्फत अनुरोध भएमा रोजगारदाता कम्पनीले नाम दर्ताका लागि उचित सहयोग हुने ।*
- **दुतावासहरुमा र श्रम स्वीकृति लिने कार्यालय हातामा डेस्कहरु राखी नाम दर्ता गर्न उपयुक्त हुने । यसका लागि नेपालबाटै जनशक्ति खटाई पठाउने, त्यसरी खटिई जाने कर्मचारीलाई निर्वाचन आयोगले तालिम दिने**
- **नाम दर्ताको लागि कानुनमा सामान्य पुनरावलोकन गर्नु पर्ने :**
  *हाल निर्धारित योग्यता रुजुको लागि पेश हुनसक्ने प्रमाणमा राहदानीलाई पनि मान्यता दिने व्यवस्था गर्नु पर्ने । त्यस्तै मतदाता नामवली सम्बन्धी ऐन, २०६३ को दफा ३ मा सम्बन्धित पालिकाको वडामा नामावली संकलन गर्ने व्यवस्था र दफा ५ मा सम्बन्धित वडामा स्थायी बसोबास भएको हुनु पर्ने भन्ने व्यवस्था रही आएकोमा त्यसलाई संशोधन गर्नु पर्ने ।*
- **नामदर्ताको लागि आवश्यक आर्थिक स्रोत र बन्दोबस्तीको व्यवस्था गरिनु पर्ने**
  *दुतावासहरुमा हाल विद्यमान जनशक्ति र तिनहरुको आर्थिक स्रोत निर्वाचन सम्बन्धी कार्य गर्नको लागि अपर्याप्त हुने हुनाले छुट्टै व्यवस्था गर्नु पर्ने ।*

**(ख) मतदान**

- **मतदान स्थल :**
  *टोलीले अध्ययन गरेका पाँचवटै देशमा मतदान दुतावास परिसरमा गर्नुपर्ने अवस्था देखिएको । बहराइनमा भने कुनै समारोह स्थलमा समेत मतदान गर्न सकिने ।*
- **मतदान वा निर्वाचन गराउन सम्बन्धित देशको कानुनले वाधा नपार्ने, बरु सबै देशका अधिकारीहरुले यस कार्यमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको ।**
- **निर्वाचनको कामका लागि दुतावासलाई आवश्यक स्रोत साधन उपलब्ध गराउनु पर्ने र यस काम सम्बन्धी क्षमता अभिवृद्धि गर्नु पर्ने ।**

**केही देशबाट प्रारम्भ गरेर क्रमशः अन्य देशमा विस्तार गर्ने**

- विकल्प १ : कुवेत, कतार र बहराइनबाट सुरु गर्ने ।
- विकल्प २ : कुवेत, कतार र बहराइनका साथ इजरायल र लेबनान समेत समावेश गर्ने ।
- विकल्प ३ : कुवेत, कतार र बहराइनका साथ दक्षिण कोरिया र बेल्जियम समेत समावेश गर्ने ।

## २.४ **निर्वाचन आयोगका प्रयासहरु**

नेपालको आवधिक निर्वाचनमा आफ्नो स्थायी बसोबासको ठेगाना भन्दा बाहिर र विदेशमा रहेका मताधिकार प्राप्त नेपाली नागरिकलाई आफू रहेकै ठाउँ (स्वदेश वा विदेश) बाट मतदान गर्ने व्यवस्था मिलाउन निर्वाचन आयोगले केही प्रयासहरु गरेको देखिन्छ । मूलतः यस व्यवस्थाका लागि कानुनमा संशोधन जरुरी हुने हुँदा आयोगले कानुनको मस्यौदा गरी त्यसलाई अघि बढाएको छ भने २०७९ सालको मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा समानुपातिक प्रणालीतर्फको निर्वाचनमा सरकारी कर्मचारी, सुरक्षा निकायका कर्मचारी, कैदी/बन्दी र निर्वाचनमा खटिएका कर्मचारी

र सुरक्षाकर्मीलाई उनीहरु खटिएकै ठाउँ वा पायक पर्ने स्थानबाट मतदान गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याएको देखिन्छ । त्यस्तै अनलाईनबाटै मतदाता नामावलीमा नाम दर्ताको कामलाई आंशिक रुपमा अघि बढाएको देखिन्छ ।

### (क) कानुन संशोधनको प्रयास

नेपालको विद्यमान कानुनले नेपाल भित्रमात्र मतदाता नामावली संकलन वा मतदानका लागि व्यवस्थाहरु गरेका कारण विदेशमा रहेका नेपाली नागरिकहरुलाई उनीहरु रहेकै देशबाट मतदानको व्यवस्था गर्नका लागि सर्वप्रथम विदेशमा रहेकाहरुको पनि मतदाता नामावलीमा नाम दर्ता गराउने र मतदान त्यहीबाट गर्न सक्ने गरी विद्यमान निर्वाचन कानुनमा परिमार्जन गर्न आवश्यक छ । यसका लागि निर्वाचन आयोगले बेलाबखतमा निर्वाचन कानुनको मस्यौदा गरी संसदीय समितिमा पठाएको जनाउँदै आएको छ ।[७३] पछिल्लो पटक विभिन्न ९ वटा निर्वाचन कानुनलाई एकीकृत कानुनका रुपमा पारित गर्नको लागि २०८० जेठ महिनामा निर्वाचन आयोगले तयार गरेको मस्यौदामा पनि अन्य संशोधनको आलावा विदेशमा रहेका वालिग मताधिकारको अधिकार प्राप्त नेपाली नागरिकहरुको मतदानको अधिकार सुनिश्चित गर्ने व्यवस्था प्रस्ताव गरिएको निर्वाचन आयोगले बताएको छ ।[७४]

### (ख) अनलाईनबाट मतदाता नामावली दर्ता गर्ने व्यवस्था

अनलाईनबाटै फाराम भरी मतदाता नामावली संकलन गर्न सकिने गरी आयोगले Web-based Voter Lists Pre Registration System तयार गरी Pilot Operation को रुपमा काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) मा २०७९ असारदेखि सुरु गर्ने निर्णय गरेको छ ।[७५] निर्वाचन आयोगको वेवसाइटमा गई नाम दर्ता गर्न सकिने भए पनि फोटो खिच्न र औँठा छाप दिन सम्बन्धित निर्वाचन कार्यालय जानु पर्ने व्यवस्थाका कारण यो प्रणालीबाटै नाम दर्ताको पूरै प्रक्रिया पूरा नहुने भए पनि यसलाई थप परिमार्जित गरिएमा आफ्नो स्थायी ठेगानामा नरहेका मतदाताले आफू रहेकै ठाउँबाट नाम दर्ता गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

### (ग) कार्यस्थल वा पायक पर्ने स्थानबाट मतदान गर्ने व्यवस्थाको कार्यान्वयन

२०७९ मंसिर ४ गते भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत सरकारी कर्मचारी, व्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कारागारमा रहेको थुनुवा/कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरुलाई उनीहरु कार्यरत रहेकै वा पायक पर्ने स्थानबाट मतदानको व्यवस्था मिलाइएको थियो । २०७२ सालमा हालको संविधान जारी भएपछि यसप्रकारको व्यवस्था पहिलो पटक गरिएको हो । यसका लागि आयोगले ती मतदाताहरुको अस्थायी मतदातासूचीमा नाम दर्ता गरेको थियो[७६] र देशभर १४१ अस्थायी मतदान केन्द्रको व्यवस्था गरी ती केन्द्रबाट तिनलाई मतदानको व्यवस्था मिलाएको थियो ।[७७] यस अनुभवका आधारमा आयोगलाई विदेशमा रहेका नेपालीहरुलाई पनि मतदानमा सहभागी गराउन मद्दत पुग्ने देखिन्छ ।

---

७३. सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल, International Trade Union Confederation–Nepal Affiliated Council (ITUC-NAC) मा आवद्ध नेपाल ट्रेड युनियन कंग्रेस, नेपाल ट्रेड युनियन महासंघ र अखिल नेपाल ट्रेड युनियन महासंघ तथा यस अध्ययनटोलीका संयोजक सहितको प्रतिनिधिमण्डलले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग २०७८ माघ १७ गते गरेको भेटघाटमा प्रमुख आयुक्तले गराउनुभएको जानकारी ।

७४. कान्तिपुर टेलिभिजन, कान्तिपुर समाचार, ०३ जेठ २०८०, https://www.youtube.com/watch?v=nLPIBLQLgMU (यस लिंकको youtube भिडियोको ११ मिनेट ३७ सेकेण्डदेखि १५ मिनेट ४८ सेकेण्डसम्म)।

७५. निर्वाचन आयोग, नेपाल, "अनलाईनबाट मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा" २०७९ असार २८ गते, https://election.gov.np/admin/public//storage/Press%20Release/Press%20Release%202079-03-28.pdf मा हेरिएको ।

७६. निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि अस्थायी मतदाता नामावली संकलन गर्ने कार्य प्रारम्भ गरिँदै" २०७९ असोज ५ गते, https://election.gov.np/admin/public//storage/HoR/Press2_2079_6_5.pdf मा हेरिएको ।

७७. निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताहरुका लागि अस्थायी मतदान केन्द्र तोकिएको सम्बन्धमा" २०७९ कात्तिक २४ गते, https://election.gov.np/admin/public//storage/HoR/Press%20release/Temp%20Cetnetr.pdf मा हेरिएको ।

### ३. सरकारका नीतिहरु र सरकारमा सहभागी राजनीतिक दलका साझा कार्यक्रमहरु

विभिन्न समयमा नेपाल सरकार, विगतमा सरकारको नेतृत्व गरेका र हाल सरकारमा रहेका एवं सरकार वाहिर रहेका राजनीतिक दलहरुले पनि विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गर्नुपर्ने नीति रहेको बताउँदै आएका छन् । सरकार र राजनीतिक दलहरुद्वारा घोषित पछिल्ला केही नीतिहरु निम्न बमोजिम रहेका छन् :

#### (क) सरकारको वार्षिक नीति तथा कार्यक्रम

पछिल्ला वर्षहरुका नेपाल सरकारद्वारा घोषित वार्षिक नीति तथा कार्यक्रममा विदेशमा रहेका नेपाली नागरिकहरुलाई नेपालको आवधिक निर्वाचनमा सहभागिता सुनिश्चितताका लागि कार्य गर्ने कार्ययोजना प्रस्ताव गरिएको देखिन्छ ।

- **नेपाल सरकारको वार्षिक योजना २०७८/७९** मा "प्रवासमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न तयारी कार्य अघि बढाइनेछ" भनिएको थियो ।[७८]
- **नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०** मा **"**निर्वाचन सम्बन्धी एकीकृत कानुन तर्जुमा गरिनेछ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई समेत निर्वाचनमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाइनेछ" भनिएको छ ।[७९]
- **नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१ मा** "विदेशमा रहेका नेपाली नागरिकलाई आवधिक निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरिनेछ" भनिएको छ ।[८०]

#### (ख) संयुक्त सरकारमा सहभागी राजनीतिक दलका साझा न्यूनतम कार्यक्रम

हालैका वर्षहरुमा गठित संयुक्त सरकारमा सहभागी राजनीतिक दलहरुको साझा कार्यक्रमहरुमा पनि यस सम्बन्धी नीतिहरु सार्वजनिक गरिएको देखिन्छ ।

- **वर्तमान संयुक्त सरकार गठनको पहल गर्ने तथा समर्थन गर्ने राजनीतिक दलहरुको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमः** २०७९ चैत ६ गते प्रतिनिधिसभाबाट दोस्रो पटक विश्वासको मत पाएपछि वर्तमान प्रधानमन्त्रीद्वारा पुनर्गगठित हालको संयुक्त सरकार गठनका लागि पहल गर्ने तथा समर्थन गर्ने नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम जनता पार्टी र राष्ट्रिय जनमोर्चा नेपाल सम्मिलित १० दलीय गठबन्धनद्वारा २०७९ चैत २३ गते जारी संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम मा "विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गर्ने" उल्लेख गरिएको छ ।[८१]

---

७८ अर्थ मन्त्रालय "आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य", २०७८ जेठ, अनुच्छेद ४०७, https://mof.gov.np/site/publication-detail/2620

७९ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०", २०७८ जेठ १०, अनुच्छेद १३७, https://www.opmcm.gov.np/download/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF-%E0%A4%A4%E0%A4%A5%E0%A4%BE-%E0%A4%95%E0%A4%BE-7/

८० प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१", २०८० जेठ ५, https://www.opmcm.gov.np/download/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%b8%e0%a4%b0%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a4%95%e0%a5%8b-%e0%a4%a8%e0%a5%80%e0%a4%a4%e0%a4%bf-%e0%a4%a4%e0%a4%a5%e0%a4%be-%e0%a4%95%e0%a4%be-8/?wpdmdl=8279&refresh=6469db94675e71684659092 अनुच्छेद १६६, (पेज ६१)

८१. संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम, २०७९ चैत २३ गते, https://drive.google.com/file/d/10jRJzJNNNdE_dnrdLCvcm-y4tgaYZS5-/view (पृष्ठ ३ बुँदा नं. १०) मा हेरिएको ।

- **२०७९ पौष १० गते गठित सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रमः** नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत मार्क्सवादी लेलिनवादी), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीद्वारा २०७९ पौष २५ गते सार्वजनिक नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम अन्तर्गत ऐन तर्जुमा वा विद्यमान ऐनमा समयानुकुल परिमार्जनका लागि निर्धारित प्राथमिकताको सूचीमा "विदेशमा बस्ने नेपालीहरुको मताधिकार सुनिश्चित गर्ने र विद्युतीय मतदानलगायत विषयलाई समावेश गर्ने व्यवस्था सहितको एकीकृत निर्वाचन ऐन" तर्जुमा गर्ने भनिएको छ ।[८२]
- **२०७८ असार २९ गते गठित संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमः** नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी तथा संयुक्त सरकारलाई समर्थन गर्ने दलहरुले २०७८ श्रावण २४ गते सार्वजनिक गरेका साझा न्यूनतम कार्यक्रममा पनि "विदेशमा रहेका नेपाली नागरिकलाई समेत मतदानको अधिकार दिलाउन पहल गर्ने" उल्लेख गरिएको थियो ।[८३]

## ४. विदेशमा रहेका नेपाली नागरिकहरु मताधिकारबाट वञ्चितीकरण

नेपालको संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुन सबैले वालिग मताधिकार प्राप्त सबै नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गरेकोमा विदेशमा रहेका नेपालीहरुको मताधिकार प्रयोगको व्यवस्था नगरिएबाट अविलम्ब उक्त व्यवस्था गर्न सर्वोच्च अदालतले २०७४ सालमा आदेश दिएको, नेपाल सरकार एवं निर्वाचन आयोगले आफ्ना आवधिक, रणनीतिक तथा वार्षिक योजनामा उक्त व्यवस्था कार्यान्वयन गर्ने योजना गरेको भए पनि हालसम्म विदेशमा रहेका नेपाली नागरिकहरुलाई आवधिक निर्वाचनमा सहभागी गराउने व्यवस्था हुन नसक्दा नेपालको संविधान र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले सुनिश्चित गरेको आफ्नो प्रतिनिधि चुन्न पाउने अधिकारबाट उनीहरु वञ्चित हुँदै आउनु परेको छ । मतदानको लागि योग्यता पुगेका उल्लेख्य संख्याका नागरिकहरुलाई वञ्चित गरिएका कारण नागरिकहरुमा असन्तुष्टि र निराशामात्र पैदा भएको छैन, यसरी गरिएको निर्वाचनको वैधतामा प्रश्न[८४] उठेका छन् ।

---

८२. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम" https://www.opmcm.gov.np/wp-content/uploads/2023/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF%E0%A4%97%E0%A4%A4-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%A5%E0%A4%AE%E0%A4%BF%E0%A4%95%E0%A4%A4%E0%A4%BE-%E0%A4%B0-%E0%A4%A8%E0%A5%8D%E0%A4%AF%E0%A5%82%E0%A4%A8%E0%A4%A4%E0%A4%AE-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%AE-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF.pdf (पृष्ठ २) मा हेरिएको ।

८३. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम" https://www.opmcm.gov.np/wp-content/uploads/2021/08/common-minimun-Program.pdf (पृष्ठ ४ बुँदा नं. १०) ) मा हेरिएको ।

८४. सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च विरुद्ध नेपाल सरकार समेतको रिटमा २०७४ चैत ७ गते सर्वोच्च अदालतले गरेको आदेश (०७३ -WO-११४९) मा समेत "... *जनसंख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रुपमा अनुमोदित भनी मान्न पनि सकिँदैन*"

| विभिन्न राजनीतिक दल तथा नेताहरु द्वारा गरिएका पहल तथा प्रतिवध्दताहरु |
| --- |
| प्रतिनिधिसभा निर्वाचन २०७९ को घोषणापत्रमा उल्लेख गरिएका प्रतिवद्धताहरु |
| • नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)<br>सम्मानजनक श्रम तथा रोजगारी: सबैलाई रोजगारी र सामाजिक सुरक्षा ! श्रमको सम्मान हाम्रो प्रतिबद्धता !!<br>१२. आगामी स्थानीय निर्वाचन सम्म विदेशमा रहेका नेपालीहरूले आफु कार्यरत मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था गरिने छ ।<br>• जनमत पार्टी<br>७. नोटसँग भोट पनि चल्ने: विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको निर्णय कार्यान्वयन गर्न नेतृत्व गर्ने छौ । साथै ब्चबष्ल न्बष्ल अभियान अर्न्तगत विदेशमा रहनूभएका विज्ञ र व्यवसायीहरुलाई नेपालको नीति निर्माण र विकासमा सहभागिता गराउनेछौं ।<br>• राष्ट्रिय स्वतन्त्र पार्टी<br>प्रमेश श्रेष्ठ काठमाण्डौ ०६ (ख)को प्रदेश सभा उम्मेदवार यो मेरो प्रमुख प्रतिबद्धता विदेशमा रहेका नेपाली नागरिकले पनि मतदान गर्नपाउने व्यवस्था गरिनुपर्दछ । अनिमात्र उनिहरुको हकहितको लागि राजनैतिक दल र नेता यो कुरामा गम्भिर हुनेछन् ।<br>• नेपाल विवेकशील पार्टी<br>घोषणा पत्र, २०७८: ४. निर्वाचन प्रणालीमा सुधार ल्याउने: सबै नेपालीलाई संसारको जुन ठाँउमा भए पमि मतदान गर्न पाउने व्यवस्था गर्ने |
| अन्य प्रतिवद्धताहरु |
| • सम्मानिय राष्ट्रपति विद्यादेवी भण्डारीले संघिय संसदको दुवै सदनको संयुक्त वैठकलाई १० जेष्ठ २०७९ मा गर्नुभएको संबोधनको वुदा नम्वर १३७ मा निर्वाचन सम्वन्धि कानून एकिकृत गरिने भनिएको छ । आधुनिक सुचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई समेत निर्वाचनमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाईनेछ भनि प्रतिवद्धता जनाइएको छ ।<br>• जिफन्टद्वारा आगामी निर्वाचनमा आप्रवासी श्रमिकको मताधिकार सुनिश्चित गर्ने माग गर्दै निर्वाचन आयोगका प्रमूख आयुक्त दिनेश थपलियालाई ज्ञापनपत्र बुझायो । https://www.gefont.org/HP7799666<br>• कर्मचारी, सुरुक्षाकर्मी र कैदी बन्दिलाई भोट हाल्न दिन सर्वोच्चको आदेश: न्यायधीश विश्वम्भर प्रसाद श्रेष्ठको एकल इजलासले कर्मचारी, सुरुक्षाकर्मी र कैदी बन्दिको अस्थायी मतदाता नामावली निमार्ण गरी प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनमा समानुपातिकतर्फ मतदानगर्न पाउने व्यवस्था गर्न अन्तरिम आदेश दिएको हो । (अनलाईनखवर १ साउन २०७९)<br>• २१ लाख ६९ हजार मतदाता प्रदेशमा, प्रदेशी श्रमिकले स्वदेशी अर्थतन्त्रको प्राण धानेका छन् । तर अबको आर्थिक नीति कार्यक्रम कसको जिम्मा लगाउने भन्ने निर्णयमा उनीहरुको सहभागिता छैन, जबकी देशले रेमिट्यान्स मात्र होइन, दलले लेवी र नेताले चन्दाका लागि उनीहरुलाई दोहन गर्दै आएका छन । (इकान्तिपुर, २७ पुष २०७९)<br>• विदेशमा रहेका सम्पुर्ण नेपालीलाई मेरो अपिल, कतारको रियल चल्ने, कोरियाको ओन चल्ने, जापानको यन चल्ने, वेलायतको पाउण्ड, अष्ट्रेलियाको, क्यानाडा, अमेरिकाको डलर चल्ने संसारको जुनसुकै रङको पनि नोट् चल्ने तर संसारभरि छरिएको नेपालीको भोट् किन नचल्ने हामी त्यस्तो देश बनाउन चाहान्छौ आफ्नो देश बनाउने र्निवाचन मार्फत प्रतिनिधि चयन गर्न तपाईले मतदिन पाउने समय ल्याउन भाहान्छौ । (नेता विश्वप्रकास शर्मा, नेपाली कांग्रेस १५ नोभेम्बर २०२२ भिडियो सन्देश मार्फत)<br>• विदेशमा रहेका नेपालीलाई मताधिकार दिन कानून बनाउने प्रतिबद्धता, ४ मंसिर सम्पन्न प्रदेश र प्रतिनिधिसभाको अन्तिम परिणाम र्सावजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रमूख निर्वाचन आयूक्त दिनेश कुमार थपलिया, निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुलाई मताधिकार दिन कानून बनाउने प्रतिबद्धता जनाएको छ । (अनलाईनखबर, २७ पुष २०७९)<br>• विदेशमा रहेका नेपालीलाई मताधिकार दिन कानुन बनाउने प्रतिवद्धताः निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुलाई मताधिकार दिन कानुन बनाउने प्रतिवद्धता जनाएको छ । ४ मंसिरमा सम्पन्न प्रदेश र प्रतिनिधिसभाको अन्तिम परिणाम सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले यस्तो प्रतिवद्धता जनाएका हुन् । '८ वटा कानुन छन् । अब एउटै बन्छ । धेरै कुरा जुधेका पनि छन थपलियाले भने । नयाँ ऐनमा विदेशमा बस्ने नेपाली मतदाताले मतदान गर्ने विषय, निर्वाचनको मिति निर्वाचन आयोग आफैँले तय गर्ने देखि मतदाता शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिने लगायतका विषय समेटिने थपलियाको प्रतिवद्धता छ । उनका अनुसार निर्वाचन सम्बन्धी एकीकृत ऐन (विधेयक) नयाँ संसद सुरु भए लगत्तै लैजाने आयोगको तयारी छ । (२८ मंसिर, काठमाडौं अनलाईनखबर)<br>• नेपाली कांग्रेसद्वारा आप्रवासी श्रमिकको मतदानको अधिकार सुनिश्चित गर्न मागः निर्वाचन आयोगलाई आवश्यक कानुन बनाउन अनुरोध । नेपाली कांग्रेसका महासचिब द्वय गगन कुमार थापा तथा विश्वप्रकाश शर्माले प्रमूख निर्वाचन आयुक्त दिनेश कुमार थपलियालाई भटेर विदेशमा रहेका नेपालीहरुको मताधिकार सुनिश्चित गर्न माग गरेका छन् । थापाले विदेशमा रहेका नेपालीहरुको मतदानको अधिकार सुनिश्चित गर्न तथा आवश्यक कानुन निर्माण गर्न माग गरेको बताए । थापाले निर्वाचन ऐन संसोधनका लागि छिट्टै संसदमा विधयेक पेश गरिने समेत बताए । (हिमालयन न्यूज सर्भिस २२ जुन २०२२) |

# परिच्छेद चार

# निष्कर्ष र सिफारिशहरु

निष्कर्षहरु

श्रोत साधान तथा प्रविधिको प्रयोग गरी वैकल्पिक मतदान व्यवस्था, कार्यस्थलबाट मतदान, गर्न सम्भव देखिन्छ। हालको आर्थिक प्राविधिक उपलब्धताको अवस्था हेर्दा आगामी सबै तहका निर्वाचनमा कार्यस्थलबाट नै मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न ठूलो तयारी र श्रोत व्यवस्थापन गर्नु पर्ने देखिन्छ। यद्यपी, राष्ट्रिय निर्वाचनमा भने नमूनाका रुपमा तोकिएका स्वदेश तथा विदेशका केही मतदान केन्द्रबाट नै मतदान गर्न/गराउन व्यवस्था मिलाउन सम्भव देखिन्छ।

सम्मानित सर्वोच्च अदालतले २०७४ सालमा नै विदेशमा रहेका नेपालीहरुको मतदानको अधिकार सुनिश्चित गर्न नेपाल सरकार, निर्वाचन आयोग तथा अन्य सरोकारवालाहरुका नाममा आदेश जारी गरेको सन्दर्भमा त्यस पछी बनेका विभिन्न सरकारले यस विषयमा प्रतिवध्दता बाहेक केही ठोस कार्य नगरेको देखिन्छ। लोकतन्त्रको आधार मतदान जस्तो संवेदनशिल विषयको गाम्भिर्यतालाई प्रथमिकताका साथ कार्ययोजनामा नराखि सरकार प्रतिवध्दतामा सिमित भएको पाईयो। निर्वाचन आयोगको हकमा भने विदेशमा रहेका नेपालीहरुले मतदान गर्ने व्यवस्थाका विषयमा अध्ययन गरेको र त्यसका आधारमा नेपाल सरकारलाई विभिन्न कार्यान्वयन योग्य सिफारिसहरु समेत गरेको देखिन्छ।

विकासशिल तथा विकाशोन्मूख आर्थतन्त्र भएका दक्षिण एशियाली लगायतका विश्वका आधा भन्दा बढि राष्ट्रहरुले विदेशमा रहेका आफ्ना नागरिकहरुले मतदान गर्ने व्यवस्था मिलाएको उदाहरणहरु पाईन्छ। नेपाल जस्तै समान श्रोत साधन भएका विभिन्न राष्ट्रहरुले विश्वमा विभिन्न वैकल्पिक मतदान व्यवस्था अभ्याषमा ल्याएको देखिन्छ। विभिन्न प्रविधिहरुको प्रयोग गरी उपलब्ध श्रोत साधनले भ्याएसम्म नेपालले पनि आगामी राष्ट्रिय निर्वाचनमा विदेशमा रहेका केही तोकिएका मतदान केन्द्रहरुमा नमूनाका रुपमा निर्वाचन सञ्चालन गराउन सक्ने सम्भावना रहेको छ।

सिफारिशहरु

सम्मानित सर्वोच्च अदालतले २०७४ साल चैत्र ७ गते नेपाल सरकार तथा अन्य सरोकारवालाहरुको नाममा विदेशमा रहेका नेपालीहरुको मतदानको अधिकारलाई सुनिश्चित गर्न दिएको आदेशलाई पुर्णतः पालना गर्नु पर्ने।

निर्वाचन आयोगले विभिन्न समयमा स्थलगत अध्ययन समेत गरी निर्वाचनका विषयमा र विशेषगरी विदेशमा रहेका आफ्ना नागरिकहरुको मतदान सुनिश्चित गर्ने विषयमा गरेका अध्ययन प्रतिवेदनहरुका सिफारिसहरुलाई कार्यान्वयनमा ल्याउनु पर्ने।

सबै राजनीतिक दलहरुले गरेका प्रतिवध्दताहरु अनुशार विदेशमा रहेका नेपाली नागरिकहरुको मतदानको अधिकार सुनिश्चित गर्ने तर्फ पहल गर्नु पर्ने। विदेशमा रहेका नेपाली नागरिकहरुको मतदान सम्बन्धि विषयमा वृहत्तर राजनीतिक सहमति निर्माण गरी आगामी निर्वाचनमा कार्यस्थलबाट नै मतदान गर्न सक्ने वातावरण तयार गर्नु पर्ने।

कार्यस्थलबाट नै मतदान गर्ने गराउने सम्वन्धि कार्यका लागि मतदाता नामावली अद्यावधिक गर्न आईपरेका विद्यमान कानुनी अड्चनलाई हटाउनका लागि यथाशिघ्र कानुन तर्जुमा तथा परिमार्जन गर्नु पर्ने।

केही समय अघि मात्र निर्वाचनका कार्यक्रमहरु सकिएको तथा तत्काल निर्वाचन तयारीका लागि यथेष्ठ समय भएको सन्दर्भमा मतदाता नामावली अध्यावधिक गरी वास्तविक मतदाता संख्या यकिन गर्नु पर्ने। साथै, स्थानिय वडा कार्यालयको सहयोगमा अद्यावधिक मतदाताहरु मध्ये के-कति अन्यत्र (स्वदेश वा विदेशमा) स्थानमा छन् भनी तथ्याङ्क तयार गर्नु पर्ने।

विदेश स्थित कुटनीतिक नियोगहरुमा विभिन्न प्रयोजनका लागि आउने सेवाग्राही नेपालीहरु मतदाता नामावलीमा सूचिकृत भए-नभएको यकिन गरी यथार्थ तथ्याङ्क तयार गर्नु पर्ने । उक्त तथ्याङ्कको आधारमा तत्कालिन रुपमा नमूना मतदानका लागि राष्ट्र चयन गर्न र निर्वाचन योजना तयार गर्न सम्भाव्यता अध्ययन गर्नु पर्ने ।

आगामी निर्वाचनलाई मध्यनजर गर्दै तत्कालै विदेश स्थित कुटनीतिक नियोगहरु मार्फत यस अघिका अध्ययनका क्रममा निर्वाचन कार्यक्रम सञ्चालनका लागि प्राप्त सहयोगका प्रतिवध्दता समेतलाई आधार मानी सम्वन्धित गन्तव्य राष्ट्रहरुमा निर्वाचन कार्यक्रम सञ्चालनार्थ सहजिकरण तथा सहयोगका लागि पहल गर्नु पर्ने ।

दिर्घकालिन रुपमा राष्ट्रिय परिचयपत्र, राहदानी र मतदाता परिचय पत्रलाई एकिकृत गरी राष्ट्रिय सूचना प्रणालीमा समावेश गर्नु पर्ने । अन्य राष्ट्रिय तथ्याङ्क प्रणाली (जस्तै वैदेशिक रोजगार सम्बन्धित, रोजगार कार्यक्रम सम्बन्धित आदी) समेतलाई एकिकृत राष्ट्रिय सूचना प्रणालीमा जोडी यथार्थ तथ्याङ्क तयार गर्नु पर्ने । यसरी प्राप्त तथ्याङ्कको आधारमा स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरुले कार्यस्थलबाट नै मतदान गर्न सक्नेगरी योजना तयार गर्नु पर्ने ।

दिर्घकालिन रुपमा पाञ्जिकरण कार्यालयको घटना दर्ता किताबलाई समेत एकिकृत सूचना प्रणालीमा जोडी मतदाता नामावलीलाई अध्यावधिक गर्नु पर्ने । घटना दर्ता किताबलाई समेत आधार बनाएर एकिकृत सूचना प्रणाली निर्माण गरी सम्बन्धित मतदाताले जहाँसुकै स्थानबाट पनि आफु सम्वध्द निर्वाचनमा भाग लिन पाउने व्यवस्था गर्नु पर्ने ।

# सन्दर्भ सामग्री


नेपालको संविधान, २०७२, प्रस्तावना

International Covenant on Civil and Political Rights, 1966, Article 25 (a) and (b)

रोजगारीको हक सम्बन्धी ऐन, २०७५

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५

गरिवी निवारण नीति, २०७६;

राष्ट्रिय वातावरण नीति, २०७६;

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२;

राष्ट्रिय रोजगार नीति, २०७१;

सिंचाई नीति, २०७०;

वैदेशिक रोजगार नीति, २०६८;

औद्योगिक नीति, २०६७;

पर्यटन नीति, २०६५;

कृषि नीति, २०६१;

जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१;

जलविद्युत विकास नीति, २०५८

राष्ट्रिय यातायात नीति, २०५८

Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf

नेपाल सरकारले पुनः श्रम स्वीकृतिको अभिलेख राख्न सुरु गरेको आर्थिक वर्ष २०६८/६९ देखि आर्थिक वर्ष २०७८/७९ सम्म जारी गरिएको हरेक सालको श्रम स्वीकृति जोड्दा कुल ६१ लाख २२ हजार ६९२ हुन आउँछ, जसमध्ये २२ लाख ८१ हजार ५०३ (३७.२६ प्रतिशत) पुनः श्रम स्वीकृतिको हिस्सा रहेको देखिन्छ। https://dofe.gov.np/yearly.aspx

राष्ट्रिय योजना आयोगको अक्टोवर २०२० को अध्ययन प्रतिवेदन - "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदन "नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०"

वैदेशिक रोजगार विभाग, "Countrywise Labour Approval for FY 2078/79 (2021-07-16 to 2022-07-16)", file:///C:/Users/RameshwarNepal/Downloads/Document_2022110908400.pdf df x]l/Psf] .

नेपाल र भारतबिचको सन् १९५० को सन्धि (नेपाल भारतबिचको शान्ति तथा मैत्री सन्धि, सन् १९५०, धारा ७, https://mea.gov.in/bilateral-documents.htm?dtl/6295/Treaty+of+Peace+and+Friendship

नेपाल सरकारले २०७८ मा गरेको राष्ट्रिय जनगणनाको प्रारम्भिक नजिता ( "राष्ट्रिय जनगणना २०७८ : प्रारम्भिक नतिजा", माघ २०७८, https://npc.gov.np/images/category/220216042421%E0%A4%B0%E0%A4%BE%E0%A4%B7%E0%A5%8D%E0%A4%9F%E0%A5%8D%E0%A4%B0%E0%A4%BF%E0%A4%AF%20%E0%A4%9C%E0%A4%A8%E0%A4%97%E0%A4%A3%E0%A4%A8%E0%A4%BE%20%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AE%20%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%B0%E0%A4%AE%E0%A5%8D%E0%A4%AD%E0%A4%BF%E0%A4%95%20%E0%A4%A8%E0%A4%A4%E0%A4%BF%E0%A4%9C%E0%A4%BE.pdf (पृष्ठ घ) मा)

त्यस्तै नेपाल सरकारको एक उच्चस्तरीय कार्यदलले २०७५ मा गरेको एक अध्ययनको प्रतिवेदन ("औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउने उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने गराउने सम्बन्धी अध्ययन प्रतिवेदन" माघ २०७५, https://moless.gov.np/wp-content/uploads/2019/02/Final-Remittance-Report-2075.pdf (पृष्ठ १) मा हेरिएको)

निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः अन्तिम मतदाता नामावली, मतदान स्थल र मतदान केन्द्र स्वीकृत" २०७९ भदौ ३१ गते, https://election.gov.np/admin/public//storage/Press_Release_2079_5_31.pdf मा हेरिएको।

International Institute for Democracy and Electoral Assistance, "Ioting from Abroad: The International IDEA Handbook," 2007, https://www.idea.int/sites/default/files/publications/voting-from-abroad-the-international-idea-handbook.pdf (पृष्ठ १२) मा हेरिएको।

निर्वाचन आयोग, नेपाल, "विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा मध्यपूर्वका विभिन्न देशहरुको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन, २०७१" असोज २०७१।

निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि अस्थायी मतदाता नामावली संकलन गर्ने कार्य प्रारम्भ गरिँदै" २०७९ असोज ५ गते, https://election.gov.np/admin/public//storage/HoR/Press2_2079_6_5.pdf मा हेरिएको र

"प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताहरुका लागि अस्थायी मतदान केन्द्र तोकिएको सम्बन्धमा" २०७९ कात्तिक २४ गते, https://election.gov.np/admin/public//storage/HoR/Press%20release/Temp%20Cetnetr.pdf मा हेरिएको र।।

सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्च विरुद्ध नेपाल सरकार समेतको रिटमा सर्वोच्च अदालत, संयुक्त इजलास, माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी, आदेश (०७३ -wo-११४९), २०७४ चैत ७ गते।
https://supremecourt.gov.np/web/assets/downloads//judgements/%E0%A4%86%E0%A4%A6%E0%A5%87%E0%A4%B6_%E0%A5%A6%E0%A5%

AD%E0%A5%AB_%E0%A5%A6%E0%A5%AB_%E0%A5%A7%E0%A5%AD(%E0%A5%A6%E0%A5%AD%E0%A5%A9-wo-%E0%A5%A7%E0%A5%A7%E0%A5%AA%E0%A5%AF).pdf मा हेरिएको ।

निर्वाचन आयुक्त दोलखबहादुर गुरुङको नेतृत्वमा वि.सं. २०७१ सालमा गठित अध्ययन टोलीले चरणवद्ध रुपमा मतदाता नामावलीमा दर्ताबाट सुरु गरी कार्ययोजनासहित अगाडि बढ्न सुझाव दिएको ।

विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत प्रतिवेदनले Removte Voting को व्यवस्था गर्दा आर्थिक स्रोत तथा मानव संसाधन कति लाग्दछ भन्नेसम्मका विवरण दिँदै सम्बन्धित गन्तव्य देशमा निर्वाचन गराउन त्यहाँको कानुनले अवरोध नगर्ने लगायतका विषय उल्लेख गरेको छ ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१), निर्वाचन आयोग, नेपाल, २०७६, https://election.gov.np/uploads/Pages/1594191104_np.pdf ( पृष्ठ ७९, कार्यनीति ३.५) मा हेरिएको ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल, International Trade Union Confederation–Nepal Affiliated Council (ITUC-NAC) मा आवद्ध नेपाल ट्रेड युनियन कंग्रेस, नेपाल ट्रेड युनियन महासंघ र अखिल नेपाल ट्रेड युनियन महासंघ तथा यस अध्ययनटोलीका संयोजक सहितको प्रतिनिधिमण्डलले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग २०७८ माघ १७ गते गरेको भेटघाटमा प्रमुख आयुक्तले गराउनुभएको जानकारी ।

उदाहरणका लागि **पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१)** ले रणनीति तथा कार्यनीति नं. ४.४ मा "विदेशमा रहेका तथा अनुपस्थित मतदाताको मतदानको अधिकार स्थापित गर्ने सम्वन्धमा आवश्यक अध्ययन गरिने" र "सरल मतदान प्रक्रिया अवलम्बन गरी सम्पूर्ण मतदातालाई मतदानमा सहभागी हुने वातावरण सीर्जना गरिने" भनेको छ ।

नेपाल सरकारले चालु **आर्थिक वर्ष २०७८/७९ को बजेट**मा "प्रवासमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न तयारी कार्य अघि बढाइनेछ" भनिएको थियो

**नीति तथा कार्यक्रम २०७९/८० मा "**निर्वाचन सम्बन्धी एकीकृत कानुन तर्जुमा गरिनेछ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई समेत निर्वाचनमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाइनेछ" भनिएको छ ।

२०७६ असार ९ गते निर्वाचन आयोगद्वारा आयोजित तत्कालिन राष्ट्रपति, प्रधानमन्त्री, पूर्व प्रधानमन्त्रीहरु, राष्ट्रिय सभाका अध्यक्ष, संविधानसभाका अध्यक्ष, राष्ट्रिय राजीतिक दलको मान्यता प्राप्त दलका प्रतिनिधिहरु, संसदीय समितिका सभापतिहरु, नेपाल सरकारका महान्यायाधिवक्ता, मुख्य सचिव, नेपाल कानुन आयोगका अध्यक्ष, पूर्व प्रमुख निर्वाचन आयुक्तहरु, विभिन्न मन्त्रालय (गृह, अर्थ, कानुन, न्याय तथा संसदस्य मामिला सहित) का सचिवहरु को र निर्वाचन आयोगका प्रमुख सहित अन्य आयुक्तहरुको उपस्थितिमा भएको "निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम" मा तत्कालिन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली, पूर्व प्रधानमन्त्रीहरु शेरबहादुर देउवा तथा माधवकुमार नेपाल लगायतले विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नु पर्ने धारणा व्यक्त गर्नुभएको देखिन्छ । निर्वाचन आयोगको वेवसाइट https://oldsite.election.gov.np/uploads/content/1566377441_np.pdf मा हेरिएको ।

२०७९ चैत ६ गते प्रतिनिधिसभाबाट दोस्रो पटक विश्वासको मत पाएपछि वर्तमान प्रधानमन्त्रीद्वारा पुनर्गगठित हालको संयुक्त सरकार गठनका लागि पहल गर्ने तथा समर्थन गर्ने नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम जनता पार्टी र राष्ट्रिय जनमोर्चा नेपाल सम्मिलित १० दलीय गठबन्धनद्वारा २०७९ चैत २३ गते जारी संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम (https://drive.google.com/file/d/10jRJzJNNNdE_dnrdLCvcm-y4tgaYZS5-/view पृष्ठ ३ बुँदा नं. १०) मा "विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गर्ने" उल्लेख गरिएको छ ।

यसभन्दा करिव ३ महिना अघि २०७९ पौष १० गते भएको सरकार गठनमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेलिनवादी), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीद्वारा २०७९ पौष २५ गते सार्वजनिक नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम (https://www.opmcm.gov.np/wp-content/uploads/2023/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF%E0%A4%97%E0%A4%A4-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%A5%E0%A4%AE%E0%A4%BF%E0%A4%95%E0%A4%A4%E0%A4%BE-%E0%A4%B0-%E0%A4%A8%E0%A5%8D%E0%A4%AF%E0%A5%82%E0%A4%A8%E0%A4%A4%E0%A4%AE-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%AE-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF.pdf, पृष्ठ २) अन्तर्गत ऐन तर्जुमा वा विद्यमान ऐनमा समयानुकुल परिमार्जनका लागि निर्धारित प्राथमिकताको सूचीमा "विदेशमा बस्ने नेपालीहरुको मताधिकार सुनिश्चित गर्ने र विद्युतीय मतदानलगायत विषयलाई समावेश गर्ने व्यवस्थासहितको एकीकृत निर्वाचन ऐन" तर्जुमा गर्ने भनिएको छ ।

२०७८ असार २९ गते गठित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र जनता समाजवादी पार्टी तथा संयुक्त सरकारलाई समर्थन गर्ने दलहरुले २०७८ श्रावण २४ गते सार्वजनिक गरेका साझा न्यूनतम कार्यक्रम (https://www.opmcm.gov.np/wp-content/uploads/2021/08/common-minimun-Program.pdf पृष्ठ ४ बुँदा नं. १०) मा पनि "विदेशमा रहेका नेपाली नागरिकलाई समेत मतदानको अधिकार दिलाउन पहल गर्ने" उल्लेख गरिएको थियो ।

संयुक्त राष्ट्रसङ्घको महासभाबाट १० डिसेम्बर १९४८ का दिन पारित भएको मानव अधिकारको विश्वव्यापी घोषणामा ३० वटा धारामा मानव अधिकारहरूको व्याख्या गरिएको छ, जसमा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, रामाजिक एवं सांस्कतिक अधिकारहरु समाविष्ट रहेका छन् । International Standards of Elections, UN Committee on Human Rights, General Comment 25, "The Right to Participate in Public Affairs, Voting Rights and the Right to Equal Access to Public Service," 1510th meeting (fiftyseventh session), 12 July 1996. https://www.osce.org/files/f/documents/4/a/19154.pdf

का.जि. गोगंबु गा.वि.स. वडा नं .४ को परिर्वतिर्त टोखा न.पा. वडा नं. ९ स्थायी घर भइ हाल टेक्सा अमेरिका बस्ने बर्ष २९ को क्षितीज राज लोहनी मोरङ्ग जिल्ला विराटनगर नगरपालीका वडा नं. ४ बस्ने बर्ष ४५ को सरोज न्यौपाने विरुद्ध नेपाल सरकार मन्त्रिपरिषदको कार्यालय, व्यवस्थापिका संसद, निर्वाचन आयोग, नेपाल सरकार गृह मन्त्रालय र नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय "अदालतको अवहेलनामा कारवाही गरिपाऊँ" विषयक मुद्दा (नं. ०७८-AP-०३४६), https://merovote.com/legal/

निशान्त पोखरेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं समेतको रिटमा सर्वोच्च अदालत, एकल न्यायाधीशको इजलास, माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ, परमादेश (०७८ -WO-१५९५), २०७९ असार ३०, https://nepallive.com/story/286625

पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), पृष्ठ २९१-२९२, https://npc.gov.np/images/category/15th_Plan.pdf

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७ - २०८०/८१), निर्वाचन आयोग, नेपाल, २०७६, https://election.gov.np/uploads/Pages/1594191104_np.pdf

विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत गरिएको प्रतिवेदन ।

विदेशमा रहेका नेपाली मतदाताहरुको नामदर्ता सम्बन्धी नीति अध्ययन तथा सुझावको सन्दर्भमा निर्वाचन आयोगका सदस्य डा. रामभक्त पी.बी. ठाकुर, निर्वाचन आयोगका सहसचिव बीरबहादुर राई, परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र श्रम तथा रोजगार मन्त्रालयका उपसचिव वीरेन्द्रदेव भारती सम्मिलित टोलीले २०७१।०५।०८ देखि २०७१।०५।१८ मध्यपूर्वका पाँचवटा देश (संयुक्त अरव इमिरेट्स, बहराइन, कुवेत, साउदी अरव र कतार) को स्थलगत अध्ययन भ्रमण गरी श्री निर्वाचन आयोग, नेपालमा असोज, २०७१ मा प्रस्तुत गरिएको प्रतिवेदन ।

कान्तिपुर टेलिभिजन, कान्तिपुर समाचार, ०३ जेठ २०८०, https://www.youtube.com/watch?v=nLPIBLQLgMU

निर्वाचन आयोग, नेपाल, "अनलाईनबाट मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा" २०७९ असार २८ गते, https://election.gov.np/admin/public//storage/Press%20Release/Press%20Release%202079-03-28.pdf

निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि अस्थायी मतदाता नामावली संकलन गर्ने कार्य प्रारम्भ गरिँदै" २०७९ असोज ५ गते, https://election.gov.np/admin/public//storage/HoR/Press2_2079_6_5.pdf

निर्वाचन आयोग, नेपाल, "प्रेस विज्ञप्तिः प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने अस्थायी मतदाताहरुका लागि अस्थायी मतदान केन्द्र तोकिएको सम्बन्धमा" २०७९ कात्तिक २४ गते, https://election.gov.np/admin/public//storage/HoR/Press%20release/Temp%20Cetnetr.pdf

अर्थ मन्त्रालय "आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य", २०७८ जेठ, https://mof.gov.np/site/publication-detail/2620

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०", २०७८ जेठ १०, https://www.opmcm.gov.np/download/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF-%E0%A4%A4%E0%A4%A5%E0%A4%BE-%E0%A4%95%E0%A4%BE-7/

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१", २०८० जेठ ५, https://www.opmcm.gov.np/download/%e0%a4%a8%e0%a5%87%e0%a4%aa%e0%a4%be%e0%a4%b2-%e0%a4%b8%e0%a4%b0%e0%a4%95%e0%a4%be%e0%a4%b0%e0%a4%95%e0%a5%8b-%e0%a4%a8%e0%a5%80%e0%a4%a4%e0%a4%bf-%e0%a4%a4%e0%a4%a5%e0%a4%be-%e0%a4%95%e0%a4%be-8/?wpdmdl=8279&refresh=6469db94675e71684659092

संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम, २०७९ चैत २३ गते, https://drive.google.com/file/d/10jRJzJNNNdE_dnrdLCvcm-y4tgaYZS5-/view (

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम" https://www.opmcm.gov.np/wp-content/uploads/2023/01/%E0%A4%A8%E0%A5%87%E0%A4%AA%E0%A4%BE%E0%A4%B2-%E0%A4%B8%E0%A4%B0%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A4%95%E0%A5%8B-%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF%E0%A4%97%E0%A4%A4-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%BE%E0%A4%A5%E0%A4%AE%E0%A4%BF%E0%A4%95%E0%A4%A4%E0%A4%BE-%E0%A4%B0-%E0%A4%A8%E0%A5%8D%E0%A4%AF%E0%A5%82%E0%A4%A8%E0%A4%A4%E0%A4%AE-%E0%A4%95%E0%A4%BE%E0%A4%B0%E0%A5%8D%E0%A4%AF%E0%A4%95%E0%A5%8D%E0%A4%B0%E0%A4%AE-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF.pdf

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, "संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम" https://www.opmcm.gov.np/wp-content/uploads/2021/08/common-minimun-Program.pdf

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल

अनामनगर, काठमाण्डौं

www.nnsmnepal.org